विधेयक संख्याः

सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक

२०८०

संघीय संसद सचिवालय
सिंहदरबार, काठमाडौं।

उद्देश्य र कारण

विश्वव्यापीकरण, आर्थिक उदारीकरण र सूचना प्रविधिमा आएको परिवर्तनले आर्थिक क्रियाकलापको प्रकृति, प्रवृत्ति र पद्धतिमा समेत परिवर्तन आइरहेको सन्दर्भमा कुनै व्यक्ति तथा निकायबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा गर्ने कारोबारलाई सुरक्षित र व्यवस्थित बनाई सुरक्षित कारोबार सम्बन्धी कानूनी व्यवस्था समयानुकूल बनाउन आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो।

(डा. प्रकाश शरण महत)
अर्थ मन्त्री

सैद्धान्तिक अवधारणा

विश्वव्यापीकरण, आर्थिक उदारीकरण र सूचना प्रविधिमा आएको परिवर्तनले आर्थिक क्रियाकलापको प्रकृति, प्रवृत्ति र पद्धतिमा समेत परिवर्तन आइरहेको सन्दर्भमा मुलुकको आर्थिक विकासका लागि अधिकतम आर्थिक क्रियाकलाप प्रवर्द्धन गर्न र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा कुनै व्यक्ति तथा निकायबाट गरिने कारोबारलाई सुरक्षित तथा व्यवस्थित बनाउन सुरक्षित कारोबार सम्बन्धी कानूनमा समयानुकूल संशोधन गर्न आवश्यक भएकोले सरोकारवाला निकायहरुको राय परामर्श समेतको आधारमा प्रस्तुत संशोधन विधेयकको मस्यौदा तयार भएको र सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा नेपाल सरकार, मन्त्रिपरिषद्बाट सङ्घीय संसदमा पेश गर्न मिति २०८०।१०।१८ मा स्वीकृति प्राप्त भएकोले प्रस्तुत विधेयक पेश गरिएको छ।

प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

सि. नं.	दफा	प्रत्यायोजित व्यवस्थापनको कारण	प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
१.	दफा १८ को उपदफा (२)	सूचनाको जानकारी सम्बन्धी शुल्क तोक्न।	सूचनाको जानकारी सम्बन्धी शुल्क तोकिने।	सूचनाको जानकारी सम्बन्धी शुल्कबाट राजस्व प्राप्त हुने।
२.	दफा १८ को उपदफा (४)	सूचनाको प्राप्ती सम्बन्धी अन्य व्यवस्था तोक्न।	सूचनाको प्राप्ती सम्बन्धी अन्य व्यवस्था तोकिने।	सूचनाको प्राप्ती सम्बन्धी प्रक्रियागत व्यवस्था सरल र स्पष्ट हुने।

व्याख्यात्मक टिप्पणी

क्र.सं.	दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
१.	दफा ८	सूचना अमान्य नहुने वा असर नपर्ने:	धितो दिने सम्बन्धी सूचनाको मान्यता र वैधानिकता स्पष्ट गरिएको।
२.	दफा १५	सूचनाको प्राथमिकता:	अभिलेखमा दर्ता गर्न सूचनाको प्रभावकारीता र प्रक्रिया स्पष्ट गरिएको।
३.	दफा १८	दर्ता अभिलेखबाट सूचना प्राप्त गर्न सकिने:	दर्ता अभिलेखबाट सूचना प्राप्त गर्ने विधि, प्रक्रिया र शुल्क सम्बन्धमा स्पष्ट पारिएको।
४.	दफा २२	धितोको सम्पत्तिको विवरण:	धितोको सम्पत्तिको विवरणको प्रर्याप्तता स्पष्ट गरिएको।
५.	दफा २८	एउटै धितोको सम्पत्तिमा रहेको धितोको हकको प्राथमिकता:	एउटै धितोको सम्पत्तिमा रहेको प्रतिस्पर्धी धितोको हकको प्राथमिकता निर्धारण गरिएको।
६.	दफा २९	लियनको अधिकार उपर धितोको हकको प्राथमिकता:	कुनै लियनको अधिकार उपर धितोको हकको प्राथमिकता तोकिएको।
७.	दफा २९क.	असुरक्षित दावी उपर धितोको हकको प्राथमिकता:	असुरक्षित दावीमा धितोको प्राथमिकता तोकिएको।
८.	दफा ३०	धितोको सम्पत्ति खरिद गर्दाको असर:	खरिदकर्ताले धितोको सम्पत्ति खरिद गर्दा हुन सक्ने असरलाई स्पष्ट कानूनी व्यवस्था गरिएको।

क्र.सं.	दफा	दफा शीर्षक	व्याख्यात्मक टिप्पणी
९.	दफा ३१	इजाजत वा पट्टाको हकमा असर नपार्ने:	धितोको सम्पत्ति इजाजत वा पट्टामा लिएमा सो सम्पत्ति उपरको इजाजत वा पट्टामा असर नपर्ने विषय स्पष्ट गरिएको।
१०.	दफा ३८	कृषि उत्पादन:	धितोको अचल सम्पत्तिको हिस्साको रुपमा रहेको कृषि उत्पादन उपर प्राथमिकता रहने व्यवस्था गरिएको।
११.	दफा ४२क.	बहीखाता संकलन गर्न सक्ने:	भुक्तानीको सम्बन्धमा बहीखाता संकलन सम्बन्धी व्यवस्थालाई कानूनी मान्यता दिइएको।
१२.	दफा ४५क.	सूचनामा प्राथमिक अधिकार:	धितोमा अधिकार प्रयोग गर्नु अघि धितो लिने व्यक्तिको सूचनामा अधिकार सुनिश्चित गरिएको।
१३.	दफा ५३	धितोको सम्पत्ति निखन्ने वा सकार्ने अधिकार:	धितोको सम्पत्ति निखन्ने वा सकार्ने सम्बन्धी स्पष्ट व्यवस्था गरिएको।
१४.	दफा ५८क.	धितोको हक कायम रहने:	दामासाहीको प्रक्रिया शुरु हुँदा परिपक्व भइसकेको धितोमा हक कायम रहने व्यवस्था गरिएको।

आर्थिक टिप्पणी

सुरक्षित कारोबार ऐन, २०६३ पहिले देखिनै कार्यान्वयनमा रहेको र संशोधनको स्वरुपमा आउने भएकोले प्रस्तावित ऐन कार्यान्वयन गर्न नेपाल सरकारलाई कुनै थप आर्थिक दायित्व पर्ने देखिंदैन।

सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावनाः सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सुरक्षित कारोबार (पहिलो संशोधन) ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **सुरक्षित कारोबार ऐन, २०६३ को प्रस्तावनामा संशोधनः** सुरक्षित कारोबार ऐन, २०६३ (यसपछि "मूल ऐन" भनिएको) को प्रस्तावनामा रहेका "तथा अमूर्त" भन्ने शब्दहरु झिकिएका छन्।

३. **मूल ऐनको दफा २ मा संशोधनः** मूल ऐनको दफा २ को,-

(१) खण्ड (क) मा रहेका "सर्वोच्च अदालतको सहमति लिई" भन्ने शब्दहरुको सट्टा "न्याय परिषद्को परामर्शमा" भन्ने शब्दहरु राखिएका छन्।

(२) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) "अधिकारपत्र (इन्स्ट्रुमेन्ट)" भन्नाले प्रतिज्ञापत्र, विनिमेयपत्र वा अन्य विनिमेय अधिकारपत्र सम्झनु पर्छ।"

(३) खण्ड (ग) झिकिएको छ।

(४) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः-

"(झ) "खरिद मूल्य सम्बन्धी धितोको हक (पर्चेज मनी सेक्युरिटी इन्ट्रेस्ट)" भन्नाले देहायको

हदसम्मको कुनै वस्तुमा रहेको वा कुनै बौद्धिक सम्पत्ति वा बौद्धिक सम्पत्तिको इजाजतपत्र अन्तर्गत इजाजतवालाको अधिकारमा रहेको कुनै धितोको हक सम्झनु पर्छः-

(१) सम्पत्तिको पूरा वा आंशिक मूल्य सुरक्षित गर्न सोको बिक्रेताले सो हक लिएको वा आफूसँग निहित राखेको, वा

(२) बिक्रेता बाहेक अन्य व्यक्तिले धितो लिने व्यक्तिलाई सम्पत्ति वा सोको प्रयोग उपर हक प्राप्त गराउन मूल्य वा प्रतिफल दिई निजले सो सम्पत्ति उपर धितोको हक लिएको र त्यस्तो मूल्य वा प्रतिफल जुन प्रयोजनको लागि लिएको हो सो बापत नै प्रयोग गरेको।"

(५) खण्ड (झ) पछि देहायको खण्ड (झ१) थपिएको छः-

"(झ१) "चल सम्पत्ति" भन्नाले अचल सम्पत्ति बाहेक जडित सामान, उत्खननको लागि अनुमतिप्राप्त खनिज पदार्थ, काट्नु पर्ने रुख लगायत व्यक्तिको कुनै पनि प्रकृतिको मूर्त वा अमूर्त सम्पत्ति सम्झनु पर्छ र सो शब्दले भविष्यमा सिर्जना हुने सम्पत्ति, बहीखाता, मालसामान, बैङ्क खाता, धितोको सम्पत्तिबाट

प्राप्त लाभ वा मुलुक बाहिर रहेको चल सम्पत्तिलाई समेत जनाउँछ।"

(६) खण्ड (ट) मा रहेका "अमूर्त सम्पत्तिका" भन्ने शब्दहरुको सट्टा "चल सम्पत्तिका" भन्ने शब्दहरु राखिएका छन्।

(७) खण्ड (ट) पछि देहायका खण्ड (ट१) र (ट२) थपिएका छन्:-

"(ट१) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ट२) "दर्ता अभिलेख" भन्नाले दफा ५ को उपदफा (१) को खण्ड (क) बमोजिम खडा गरिएको दर्ता अभिलेख सम्झनु पर्छ।"

(८) खण्ड (ठ) पछि देहायको खण्ड (ठ१) थपिएको छ:-

"(ठ१) "दायित्व परिपालना नभएको अवस्था" भन्नाले दायित्व बहन गर्ने व्यक्तिले पूरा गर्नु पर्ने दायित्व पूरा गर्न नसकेको अवस्था सम्झनु पर्छ र सो शब्दले धितो दिने र धितो लिने व्यक्तिबीच भएको सम्झौताको सर्त अन्तर्गत दायित्व परिपालना गर्न नसकेको मानिने कुनै अन्य अवस्थालाई समेत जनाउँछ।"

(९) खण्ड (ड) मा रहेका “अमूर्त सम्पत्तिका” भन्ने शब्दहरुको सट्टा “चल सम्पत्तिका” भन्ने शब्दहरु राखिएका छन्।

(१०) खण्ड (ण) को सट्टा देहायको खण्ड (ण) राखिएको छः-

“(ण) “धितो दिने व्यक्ति” भन्नाले आफ्नो वा अन्य कुनै व्यक्तिको दायित्व सुनिश्चित गर्न धितोको हक सिर्जना गर्ने गरी धितो दिने व्यक्ति सम्झनु पर्छ र सो शब्दले बहीखाता धितो दिने व्यक्तिलाई समेत जनाउँछ।"

(११) खण्ड (त) को सट्टा देहायको खण्ड (त) राखिएको छः-

“(त) “धितोको सम्पत्ति” भन्नाले धितोको हक सिर्जना गर्न सक्ने चल सम्पत्ति सम्झनु पर्छ।"

(१२) खण्ड (द) को सट्टा देहायको खण्ड (द) राखिएको छः-

“(द) “धितोको हक (सेक्युरिटी इन्टरेस्ट)” भन्नाले धितो दिने व्यक्तिले धितो दिएको चल सम्पत्तिउपर सम्झौता बमोजिम सिर्जित धितो लिने व्यक्तिको अधिकार (इन्टरेस्ट) सम्झनु पर्छ र सो शब्दले बहीखाता हस्तान्तरण गरी लिने व्यक्तिको अधिकार (इन्टरेस्ट) लाई समेत जनाउँछ।”

(१३) खण्ड (ध) र (न) झिकिएका छन्।

(१४) खण्ड (कक) र (कख) को सट्टा देहायका खण्ड (कक) र (कख) राखिएका छन्:-

"(कक) "हस्तान्तरण गरी दिने व्यक्ति" भन्नाले बहीखाता धितोको रुपमा हस्तान्तरण गरी दिने व्यक्ति सम्झनु पर्छ।

(कख) "हस्तान्तरण गरी लिने व्यक्ति" भन्नाले बहीखाता धितोको रुपमा हस्तान्तरण गरी लिने व्यक्ति सम्झनु पर्छ।"

४. **<u>मूल ऐनको दफा ३ मा संशोधन:</u>** मूल ऐनको दफा ३ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (क) पछि देहायको स्पष्टीकरण थपिएको छ:-

"<u>स्पष्टीकरण:</u> यस खण्डको प्रयोजनको लागि "बन्धकी" भन्नाले चल सम्पत्तिको बन्धकीलाई जनाउँछ।"

(ख) खण्ड (ख) र (ग) को सट्टा देहायका खण्ड (ख) र (ग) राखिएका छन्:-

"(ख) दायित्वको सुरक्षा गर्ने वा नगर्ने जुनसुकै उद्देश्यले गरिने बहीखाताको बेचबिखन, र

(ग) दायित्व सुरक्षित गर्ने वा नगर्ने जुनसुकै उद्देश्यले गरिने मालसामानको पट्टा।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ:-

"(१क) देहाय बमोजिमको धितोको सम्बन्धमा यो ऐन लागू हुनेछः-

(क) धितोको हक सिर्जना हुँदाका बखत धितोको सम्पत्तिको रुपमा रहेको अधिकारपत्र लगायतका चल सम्पत्ति नेपालमा रहेको भएमा,

(ख) नेपालमा रहने आधार देखिएको चल सम्पत्ति वा त्यस्तो सम्पत्ति सामान्यतया एकभन्दा बढी मुलुकमा प्रयोगमा आउने गरेको र सो सम्पत्ति धितो दिने व्यक्ति नेपालमा बसोबास गरी त्यस्तो धितो नेपालमा रहेको भएमा, वा

(ग) धितोको सम्पत्तिको रुपमा रहेको बहीखाता लगायतका चल सम्पत्ति र त्यस्तो धितोको सम्पत्ति नेपालमा रहेको भएमा।"

(३) उपदफा (२) मा रहेका "उपदफा (१) मा उल्लिखित कारोबारहरुका सम्बन्धमा" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) र (१क) मा उल्लिखित कारोबार र धितोको सम्बन्धमा" भन्ने शब्दहरु राखिएका छन्।

(४) उपदफा (३) मा रहेका "उपदफा (१) र (२)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१), (१क) र (२)" भन्ने शब्दहरु राखिएका छन्।

५. **मूल ऐनको दफा ७ मा संशोधनः** मूल ऐनको दफा ७ को,-

(१) उपदफा (१) र (२) को सट्टा देहायका उपदफा (१) र (२) राखिएका छन्:-

"(१) प्रारम्भिक सूचनामा कम्तीमा देहायका विवरण उल्लेख भएको हुनु पर्नेछः-

(क) धितो दिने व्यक्तिको नाम, ठेगाना र अन्य विवरण,

(ख) धितो लिने व्यक्ति वा निजको प्रतिनिधिको नाम, ठेगाना र अन्य विवरण,

(ग) धितोको सम्पत्तिसँग सम्बन्धित विवरण,

तर त्यस्तो प्रारम्भिक सूचना उत्खननको लागि अनुमतिप्राप्त खनिज पदार्थ, कटान गरिने रुख वा धितोको सम्पत्तिमा जडित सामानसँग सम्बन्धित भएमा सम्बन्धित अचल सम्पत्तिको विवरण समेत उल्लेख गर्नु पर्नेछ। क्रमसङ्ख्या अङ्कित सवारी साधनलाई सोको क्रमसङ्ख्याको आधारमा वा सामान्य तरिकाले उल्लेख गर्न सकिनेछ।

(घ) तोकिए बमोजिमका अन्य विवरण।"

(२) धितो लिने व्यक्ति वा निजले अख्तियारी दिएको व्यक्तिले निजको तर्फबाट यस ऐन बमोजिम प्रारम्भिक सूचना दर्ता कार्यालय समक्ष दर्ता गर्न सक्नेछ।"

(२) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) प्रारम्भिक सूचनामा भएको जानकारी दर्ता अभिलेखमा राखिएको मिति र समयपछि मान्य हुनेछ।"

६. **<u>मूल ऐनको दफा ८ मा संशोधनः</u>** मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छः-

"८. **<u>सूचना अमान्य नहुने वा असर नपर्नेः</u>** (१) धितो दिने व्यक्तिको यथार्थ विवरणको प्रयोग गरी दर्ता अभिलेखमा खोजी गर्दा सूचनामा भएको जानकारी प्राप्त गर्न सकिने भएमा धितो दिने व्यक्तिको विवरणमा सामान्य कुनै त्रुटि भए तापनि त्यस्तो सूचना मान्य हुनेछ।

(२) धितो दिने व्यक्तिको पहिचान सम्बन्धमा सूचनामा भएको कुनै सामान्य त्रुटिले सही पहिचान उल्लेख भएको अन्य धितो दिने व्यक्तिको हकमा सूचना प्रभावकारी हुने कुरामा असर पार्ने छैन।

(३) धितो दिने व्यक्तिको पहिचानको त्रुटि बाहेक दफा ७ को उपदफा (१) बमोजिम सूचनामा उल्लेख गर्नु पर्ने कुनै जानकारीमा भएको सामान्य त्रुटिले दर्ता अभिलेखमा मनासिब रुपमा खोजी गर्ने

व्यक्तिलाई भ्रममा पार्ने स्थिति नभएसम्म त्यस्तो सूचनाको प्रभावकारितामा कुनै असर पर्ने छैन।

(४) धितोको सम्पत्तिको विवरणमा कुनै त्रुटि भई त्यस्तो सम्पत्तिको सम्बन्धमा सूचना प्रभावकारी नभएको कारणले सूचनामा पर्याप्त रुपमा उल्लेख भएको अन्य धितोको सम्पत्तिको हकमा सूचना प्रभावकारी हुने कुरामा असर पार्ने छैन।"

७. **<u>मूल ऐनको दफा ९ मा संशोधनः</u>** मूल ऐनको दफा ९ को उपदफा (१) मा रहेका "धितो दिने व्यक्तिले" भन्ने शब्दहरुको सट्टा "धितो लिने व्यक्तिले" भन्ने शब्दहरु राखिएका छन्।

८. **<u>मूल ऐनको दफा १० मा संशोधनः</u>** मूल ऐनको दफा १० को उपदफा (३) मा रहेका "सूचना समाप्त हुनुभन्दा अघि वा पछि" भन्ने शब्दहरुको सट्टा "सूचनाको अवधि समाप्त भएपछि" भन्ने शब्दहरु राखिएका छन्।

९. **<u>मूल ऐनको दफा ११ मा संशोधनः</u>** मूल ऐनको दफा ११ को दफा शीर्षकमा रहेका "धितो दिने" भन्ने शब्दहरुको सट्टा "धितो लिने" भन्ने शब्दहरु राखिएका छन्।

१०. **<u>मूल ऐनको दफा १२ मा संशोधनः</u>** मूल ऐनको दफा १२ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) सूचनाले समेटेको धितोको सम्पत्तिमा थप हुने गरी वा कुनै धितो दिने व्यक्तिलाई सूचनामा समावेश गर्ने गरी सूचनामा गरिएको संशोधन त्यस्तो संशोधनबाट असर पर्ने धितो दिने

व्यक्तिले अख्तियारी दिएको भएमा मात्र मान्य हुनेछ।"

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) धितोको लाभका सम्बन्धमा सम्झौता गरिसकेपछि सो सम्झौतामा उल्लिखित धितोको सम्पत्ति तथा सोबाट प्राप्त लाभलाई समेट्ने गरी संशोधन दर्ता गर्न पाउने गरी धितो दिने व्यक्तिले अख्तियारी दिएको मानिनेछ।"

(३) उपदफा (३), (४) र (५) झिकिएका छन्।

(४) उपदफा (६) र (७) मा रहेका "मितिदेखि मात्र" भन्ने शब्दको सट्टा "मिति र समयदेखि" भन्ने शब्दहरु राखिएका छन्।

(५) उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखिएको छः-

"(८) उपदफा (७) बमोजिमको संशोधन बाहेकको अन्य संशोधनको सूचनामा उल्लिखित प्रत्येक धितो दिने व्यक्तिले त्यस्तो संशोधन दर्ता गर्न अख्तियारी दिएको अवस्थामा मात्र निजको हकमा सो संशोधन मान्य हुनेछ।"

(६) उपदफा (९) मा रहेका "सूचनामा उल्लेख नगर्ने संशोधन" भन्ने शब्दहरुको सट्टा "सूचनामा उल्लेख नगर्ने गरी भएको संशोधन" भन्ने शब्दहरु थपिएका छन्।

११. **<u>मूल ऐनको दफा १३ मा संशोधनः</u>** मूल ऐनको दफा १३ को,-

(१) उपदफा (१) र (२) को सट्टा देहायका उपदफा (१) र (२) राखिएका छन्:-

"(१) दर्ता नम्बरबाट प्रारम्भिक सूचनाको पहिचान हुने विवरण उल्लेख गरी दर्ता भएको निरन्तरताको विवरणले सूचनाको बहाली अवधि विस्तार गर्न सक्नेछ।

(२) सूचनाको अवधि समाप्त हुनुभन्दा छ महिना अगावै यस ऐन बमोजिम सूचना बहाल रहने अवधि थप गर्न निरन्तरताको विवरण दर्ता गर्न सकिनेछ।"

(२) उपदफा (४) र (५) झिकिएका छन्।

१२. **<u>मूल ऐनको दफा १४ मा संशोधनः</u>** मूल ऐनको दफा १४ को,-

(१) उपदफा (१) को खण्ड (ख) झिकिएको छ।

(२) उपदफा (२) को खण्ड (ग) मा रहेका "दायित्व पूरा गरिसकेको" भन्ने शब्दहरु पछि "र थप बहीखाता बिक्री सम्बन्धी कुनै प्रतिबद्धता बाँकी नरहेको" भन्ने शब्दहरु थपिएका छन्।

(३) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) समाप्तिको विवरणको दर्ता त्यस्तो विवरणको जानकारी दर्ता अभिलेखमा राखिएको मिति र समयपछि मान्य हुनेछ।"

१३. **<u>मूल ऐनको दफा १५ मा संशोधनः</u>** मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः-

"१५. **<u>सूचनाको प्रभावकारिताः</u>** (१) रजिष्ट्रारले देहायको अवस्था भएमा दर्ता अभिलेखमा दर्ता गर्न खोजिएको कुनै सूचना दर्ता गर्नु पर्नेछः-

(क) दर्ताका लागि कुनै शुल्क बुझाउनु पर्ने भएमा सोको भुक्तानी गरेको वा दफा १९ को उपदफा (४) बमोजिम भुक्तानीको प्रक्रिया अवलम्बन गरेको,

(ख) दर्ताका लागि यस ऐन बमोजिम प्रविष्ट गर्नु पर्ने प्रत्येक सूचना दर्ता अभिलेखमा प्रविष्ट गरेको, वा

(ग) दर्ता कार्यालयले तोकेका अन्य सूचना दर्ता अभिलेखमा प्रविष्ट गरेको।

(२) उपदफा (१) बमोजिम दर्ता गर्न खोजिएको कुनै सूचना दर्ता अभिलेखमा दर्ता हुन नसकेमा सो कुराको जानकारी सूचना दर्ता गर्न खोज्ने व्यक्तिलाई विद्युतीय माध्यमबाट तत्काल दिने व्यवस्था गर्नु पर्नेछ।

(३) यस ऐन बमोजिम दर्ता गरेको सूचनाको हदसम्म मात्र त्यसरी दर्ता गरिएको सूचना प्रभावकारी हुनेछ।

(४) दर्ता अभिलेखमा सूचना दर्ता भएपछि धितो लिने व्यक्ति भनी सूचनामा पहिचान गरिएको

व्यक्तिलाई देहायका विवरण खुलाई सोको जानकारी तत्काल पठाउने व्यवस्था गर्नु पर्नेछः-

(क) सूचनाको विवरण,

(ख) दर्ता अभिलेखमा सूचना दर्ता भएको मिति र समय,

(ग) प्रारम्भिक सूचनाको हकमा सूचनाको दर्ता नम्बर।"

१४. **<u>मूल ऐनको दफा १७ मा संशोधनः</u>** मूल ऐनको दफा १७ को,-

(१) उपदफा (१) मा रहेका "आफू समक्ष" भन्ने शब्दहरुको सट्टा "दर्ता अभिलेखमा" भन्ने शब्दहरु राखी सोही उपदफाको खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) दर्ता अभिलेखको सूचना खोजी गर्नेको लागि पहुँचयोग्य बनाउने।"

(२) उपदफा (२), (३), (४) र (५) मा रहेका "दर्ता कार्यालयले" भन्ने शब्दहरु पछि "दर्ता अभिलेखमा" भन्ने शब्दहरु थपिएका छन्।

(३) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) रजिष्ट्रारले दफा १५ को उपदफा (१) बमोजिम भएमा दर्ता गर्न खोजिएको सूचना दर्ता अभिलेखले स्वीकार गर्ने र यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक दर्ता गरिएको कुनै सूचना संशोधन नहुने वा दर्ता अभिलेखबाट नहटाइने व्यवस्था गर्नु पर्नेछ।"

१५. <u>मूल ऐनको दफा १८ मा संशोधनः</u> मूल ऐनको दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छः-

"**१८. <u>दर्ता अभिलेखबाट सूचना प्राप्त गर्न सकिनेः</u>** (१) सूचना खोजी गर्ने व्यक्तिले दर्ता अभिलेखको सूचना देहाय बमोजिम प्राप्त गर्न सक्नेछः-

(क) धितो दिने व्यक्तिको पहिचानबाट,

(ख) क्रमसङ्ख्या अङ्कित सवारी साधनको क्रमसङ्ख्याबाट,

(ग) प्रारम्भिक सूचनाको दर्ता नम्बरबाट।

(२) यस दफा बमोजिमको सूचनाको जानकारी प्राप्त गर्न तोकिए बमोजिमको शुल्क लाग्नेछ।

(३) दर्ता कार्यालयले कुनै पनि माध्यमबाट सूचना वा जानकारी संप्रेषण गर्न सक्नेछ।

(४) सूचनाको प्राप्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

१६. <u>मूल ऐनको दफा १९ मा संशोधनः</u> मूल ऐनको दफा १९ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रारम्भिक सूचना, संशोधनको सूचना, निरन्तरताको विवरण वा समाप्तिको विवरण दर्ताको लागि तोकिए बमोजिमको शुल्क लाग्नेछ।"

(२) उपदफा (२) मा रहेका "दर्ता कार्यालयले उपलब्ध गराएको" भन्ने शब्दहरु झिकिएका छन्।

१७. **<u>मूल ऐनको दफा २१ मा संशोधनः</u>** मूल ऐनको दफा २१ को उपदफा (१) मा रहेका "धितोको हकले" भन्ने शब्दहरु पछि "धितो सम्बन्धी सम्झौतामा उल्लिखित अधिकतम रकम र" भन्ने शब्दहरु थपिएका छन्।

१८. **<u>मूल ऐनको दफा २२ मा संशोधनः</u>** मूल ऐनको दफा २२ को सट्टा देहायको दफा २२ राखिएको छः-

"२२. **<u>धितोको सम्पत्तिको विवरणः</u>** दफा ७ को उपदफा (१) को खण्ड (ग) बमोजिम पहिचान हुने गरी उपभोग्य वस्तु बाहेक अन्य कुनै धितोको सम्पत्तिको विवरण दिएमा त्यस्तो विवरणलाई पर्याप्त मानिनेछ।

तर उपभोग्य वस्तुको धितो सम्बन्धी सम्झौताको हकमा त्यस्तो वस्तुको मूल विवरण अनिवार्य रुपमा उल्लेख गरेको हुनु पर्नेछ।"

१९. **<u>मूल ऐनको दफा २६ मा संशोधनः</u>** मूल ऐनको दफा २६ को,-

(१) उपदफा (२) मा रहेका "दर्ता कार्यालयमा" भन्ने शब्दहरुको सट्टा "दर्ता अभिलेखमा" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) मालसामान, अधिकारपत्र, लिखत वा मुद्रामाथि रहेको धितोको हक धितो लिने व्यक्तिले त्यस्तो धितो आफ्नो कब्जामा लिएर पनि परिपक्व हुन सक्नेछ। सोको लागि सूचना दर्ता गराई राख्नु पर्ने छैन। त्यस्तो मालसामान, अधिकारपत्र, लिखत वा मुद्रा कब्जामा लिएका बखतदेखि नै त्यसमाथि

रहेको धितोको हक परिपक्व हुनेछ र सो कब्जा कायम रहेसम्म हक कायम रहनेछ।"

(३) उपदफा (५), (६) र (७) झिकिएका छन्।

(४) उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखिएको छः-

"(८) नासोमा लिने व्यक्तिको जिम्मामा मालसामान रहेका बखत निजले सो मालसामानलाई समेट्ने गरी लिखत जारी गरेको रहेछ भने त्यस्तो लिखत उपर धितोको हक परिपक्व गराएर पनि त्यस्तो मालसामानमाथि रहेको धितोको हकलाई परिपक्वता प्रदान गर्न सकिनेछ।"

(५) उपदफा (९) मा रहेका "धितोको हक समेतलाई" भन्ने शब्दहरुको सट्टा "धितोको हक लिखतमा" भन्ने शब्दहरु राखिएका छन्।

(६) उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राखिएको छः-

"(१०) कुनै बहीखाता, अधिकारपत्र वा अन्य भुक्तानीको अधिकारमा धितोको हक रहेको धितो लिने व्यक्तिसँग हस्तान्तरणको प्रक्रिया बिना नै त्यस्तो भुक्तानीलाई सुरक्षित गर्ने वा समर्थन गर्ने व्यक्तिगत वा साम्पत्तिक अधिकारको सुविधा हुनेछ। त्यसरी सुविधा हस्तान्तरण हुने भएमा धितो प्रदान गरिएको व्यक्तिलाई प्रचलित कानून बमोजिम हस्तान्तरण गर्नु धितो दिने व्यक्तिको कर्तव्य हुनेछ।"

२०. **मूल ऐनको दफा २७ मा संशोधनः** मूल ऐनको दफा २७ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) धितो लिने व्यक्तिले परिपक्व बनाइएको धितोको हक हस्तान्तरण गरेमा त्यस्तो धितो लिने व्यक्तिबाट हस्तान्तरण गरी लिने व्यक्तिले त्यस्तो धितोको हकको परिपक्वतालाई निरन्तरता दिनको लागि यस ऐन बमोजिम सूचना दर्ता गराई राख्नु पर्ने छैन।"

२१. **मूल ऐनको दफा २८ मा संशोधनः** मूल ऐनको दफा २८ को सट्टा देहायको दफा २८ राखिएको छः-

"२८. **एउटै धितोको सम्पत्तिमा रहेको धितोको हकको प्राथमिकताः** (१) यस ऐनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक एउटै धितोको सम्पत्तिमा रहेको प्रतिस्पर्धी धितोको हकको प्राथमिकता देहाय बमोजिम हुनेछः-

(क) परिपक्व भएको धितोको हकमध्ये जुन धितोको हकको प्राथमिकताको समय अगाडि छ सोही धितोको हक,

(ख) परिपक्व भएको तथा परिपक्व नभएको धितोको हकमध्ये परिपक्व भएको धितोको हक, र

(ग) परिपक्व नभएको धितोको हकमध्ये धितोको सम्पत्तिसँग पहिले आबद्ध हुने धितोको हक।

तर परिपक्व नभएको धितोको हक एकै समयमा धितोको सम्पत्तिसँग आबद्ध भएको भए पहिले भएको धितो सम्झौताबाट कायम भएको धितोको हकले प्राथमिकता पाउनेछ।

(२) धितोको हक पछिल्लो समयसम्म आबद्ध नभई निरन्तर रुपमा परिपक्व भएको खण्डमा पहिले दर्ताद्वारा परिपक्व भएको धितोको हकमा त्यसरी दर्ता गरेको समय नै प्राथमिकताको समय हुनेछ।

(३) निरन्तर रुपमा परिपक्व भएको खण्डमा पहिले कब्जामा लिई परिपक्व भएको धितोको हकमा त्यसरी परिपक्व भएको समय नै प्राथमिकताको समय हुनेछ।

(४) कुनै बैङ्कमा रहेको बैङ्क खातामा सो बैङ्कको परिपक्व भएको धितोको हक रहेको भए त्यस्तो धितोको हक सो बैङ्क खातामा रहेको परिपक्व भए वा नभएको अन्य कुनै धितोको हकभन्दा प्राथमिकतामा रहनेछ।

(५) धितोको सम्पत्तिको सम्बन्धमा कायम भएको दर्ता वा परिपक्वताको मिति नै सो धितोको सम्पत्तिबाट प्राप्त लाभको हकमा पनि सोही दर्ता वा परिपक्वताको मिति कायम भएको मानिनेछ।"

२२. **<u>मूल ऐनको दफा २९ मा संशोधनः</u>** मूल ऐनको दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छः-

"२९. **लियनको अधिकार उपर धितोको हकको प्राथमिकता**: कुनै लियन सम्बन्धी सूचना दर्ता अभिलेखमा दर्ता भएमा त्यस्तो लियन पछिल्लो प्राथमिकताको समय भएको कुनै धितोको हक तथा अन्य कुनै परिपक्व नभएको धितोको हकभन्दा प्राथमिकतामा रहनेछ। परिपक्व गरिएको धितोको हक दर्ता अभिलेखमा कुनै सूचना दर्ता नभएको जुनसुकै लियनभन्दा अघिल्लो प्राथमिकताको क्रममा रहनेछ।

तर त्यस्तो लियन अघिल्लो प्राथमिकताको समय भएको कुनै परिपक्व धितोको हकभन्दा पछिल्लो प्राथमिकताको क्रममा रहनेछ।"

२३. **मूल ऐनमा दफा २९क. थप**: मूल ऐनको दफा २९ पछि देहायको दफा २९क. थपिएको छः-

"२९क. **असुरक्षित दाबी उपर धितोको हकको प्राथमिकताः** कुनै परिपक्व भएको धितोको हक कर्मचारी तथा कामदारलाई भुक्तान गर्न बाँकी रकम, बक्यौता कर लगायत नेपाल सरकारलाई भुक्तान गर्न बाँकी रकम जस्ता प्राथमिकतामा पर्ने दाबी लगायत कुनै पनि असुरक्षित दाबीभन्दा प्राथमिकतामा रहनेछ।"

२४. **मूल ऐनको दफा ३० मा संशोधनः** मूल ऐनको दफा ३० को सट्टा देहायको दफा ३० राखिएको छः-

"३०. **धितोको सम्पत्ति खरिद गर्दाको असरः** (१) धितोको हक रहेको कुराको जानकारी बिना र त्यस्तो हक परिपक्व हुनुअगावै कुनै खरिदकर्ताले सो धितोको सम्पत्ति बापत मूल्य तिरी खरिद गरेको भए त्यस्तो

खरिदकर्ताले त्यस्तो धितोको सम्पत्ति कुनै पनि धितोको हक बिना प्राप्त गर्नेछ।

(२) उपदफा (१) को सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका कुरामा देहाय बमोजिम हुनेछः-

(क) कुनै व्यक्तिले नियमित व्यावसायिक कारोबारको सिलसिलामा कुनै किसिमको मालसामान बिक्री गर्ने बिक्रेताबाट त्यस्तो मालसामान बिक्री गर्दा धितोको हकको उल्लङ्घन हुन्छ भन्ने कुराको जानकारी बिना त्यस्तो मालसामान खरिद गरेमा त्यस्तो व्यक्तिले धितोको हक बिना नै त्यस्तो मालसामान प्राप्त गरेको मानिनेछ।

(ख) उपभोग्य वस्तु खरिद गर्ने व्यक्तिले धितो सम्बन्धी हकको जानकारी बिना र उपभोग्य वस्तु समावेश गर्ने सूचना दर्ता गर्नुअगावै त्यस्तो उपभोग्य वस्तु खरिद गरेमा त्यस्तो वस्तुमा रहेको धितोको हक परिपक्व भए वा नभए पनि सो व्यक्तिले त्यस्तो वस्तु धितोको हक बिना नै प्राप्त गर्नेछ।

(ग) क्रमसङ्ख्या अङ्कित सवारी साधन खरिद गर्ने व्यक्तिले सो सवारी

साधनमा रहेको धितोको हकको जानकारी बिना वा दर्ता गरिएको सूचनामा सो सवारी साधनको क्रमसङ्ख्या विवरण उल्लेख नगरेको वा गलत ढङ्गले उल्लेख गरेको भएमा त्यस्तो व्यक्तिले त्यस्तो क्रमसङ्ख्या अङ्कित सवारी साधन धितोको हक बिना नै प्राप्त गर्नेछ।"

२५. <u>**मूल ऐनको दफा ३१ मा संशोधनः**</u> मूल ऐनको दफा ३१ को सट्टा देहायको दफा ३१ राखिएको छः-

"३१. <u>**इजाजत वा पट्टाको हकमा असर नपार्नेः**</u> (१) कुनै व्यक्तिले धितोको सम्पत्तिमा निहित धितोको हकको जानकारी बिना त्यस्तो धितोको हक परिपक्व हुनुअगावै सो सम्पत्ति इजाजत वा पट्टामा लिएकोमा त्यस्तो धितोको सम्पत्तिमा रहेको धितोको हकले निजको सो धितोको सम्पत्तिमा रहेको इजाजत वा सो उपरको पट्टाको हकमा कुनै असर पार्ने छैन।

(२) नियमित व्यावसायिक कारोबारको सिलसिलामा कुनै किसिमको धितोको सम्पत्तिको इजाजत वा पट्टामा दिने व्यक्तिबाट त्यस्तो धितोको सम्पत्तिको इजाजत वा पट्टा लिंदा धितोको हकको उल्लङ्घन हुन्छ भन्ने कुराको जानकारी बिना कुनै व्यक्तिले त्यस्तो धितोको सम्पत्तिको इजाजत वा सो सम्पत्ति पट्टामा लिएकोमा त्यस्तो धितोको सम्पत्ति उपर धितोको हक परिपक्व भए तापनि धितोको

सम्पत्तिमा पाएको इजाजत वा सो सम्पत्तिको पट्टाको हकमा कुनै असर पार्ने छैन।

(३) क्रमसङ्ख्या अङ्कित सवारी साधन पट्टामा लिने व्यक्तिले सो सवारी साधनमा रहेको धितोको हकको जानकारी बिना पट्टामा लिएको भएमा वा दर्ता गरिएको सूचनामा सोको क्रमसङ्ख्या विवरण उल्लेख नगरेको वा त्यस्तो विवरण गलत ढङ्गले उल्लेख गरेको भएमा त्यस्तो क्रमसङ्ख्या अङ्कित सवारी साधनमा रहेको धितोको हकले निजको पट्टाको हकमा कुनै असर पार्ने छैन।"

२६. **<u>मूल ऐनको दफा ३३ मा संशोधनः</u>** मूल ऐनको दफा ३३ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) मूल धितोको सम्पत्तिमा धितोको हक परिपक्व भएकोमा त्यस्तो मूल धितोबाट प्राप्त लाभ उपर पनि धितोको हक परिपक्व हुनेछ।

तर देहायको अवस्थामा बाहेक धितो दिने व्यक्तिले प्राप्त गरेको लाभ सो लाभ प्राप्त गरेको मितिले एक्काइसौं दिनदेखि सो लाभमा रहेको धितोको हक परिपक्व हुने छैनः-

(क) दर्ता गरिएको सूचनाले सुरुको धितोको सम्पत्ति समेटेमा र त्यस्तो सुरुको धितोको सम्पत्तिबाट प्राप्त भएको लाभ नगद लाभ भएमा वा सुरुको सूचनामा जुन प्रकृतिको लाभ उल्लेख गरिएको थियो सोही प्रकृतिको लाभ प्राप्त भएमा, वा

(ख) बीस दिनको समयावधि समाप्त हुनुअगावै जुनसुकै तरिकाले त्यस्तो लाभ उपर धितोको हक परिपक्व गराइएको भएमा।"

२७. **<u>मूल ऐनको दफा ३५ मा संशोधनः</u>** मूल ऐनको दफा ३५ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) खरिद मूल्य सम्बन्धी धितोको हक लिने व्यक्तिले सूचना दर्ता गराउनुभन्दा अगावै विवादयुक्त धितोको हक लिने व्यक्तिले सोही मौज्दातको मालसामान वा घरपालुवा पशुपंक्षीलाई समेट्ने गरी सूचना दर्ता गराएको रहेछ भने धितोको हक दिने व्यक्तिले कब्जा गर्नुअगावै खरिद मूल्य सम्बन्धी धितोको हक लिने व्यक्तिले विवादयुक्त धितोको हक लिने व्यक्तिलाई लिखित रुपमा जानकारी दिएको भएमा र सो जानकारीमा मौज्दातमा रहेका मालसामान वा घरपालुवा पशुपंक्षीको विवरण दिई धितो दिने व्यक्तिका मौज्दातमा रहेका मालसामान वा घरपालुवा पशुपंक्षी उपर त्यस्तो जानकारी दिने व्यक्तिको खरिद मूल्य सम्बन्धी धितोको हक रहेको वा निजले त्यस्तो हक प्राप्त गर्ने अपेक्षा गरेको कुरा समेत खुलाएको भएमा।"

२८. **<u>मूल ऐनको दफा ३७ मा संशोधनः</u>** मूल ऐनको दफा ३७ को,-

(१) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) यस ऐन बमोजिम दर्ता गराउनु पर्ने लियनको सम्बन्धमा सूचना दर्ता गराउनुअगावै जडित सामानमा रहेको धितोको हक परिपक्व गराउन सूचना दर्ता गरिएमा जडित सामान माथिको परिपक्व धितोको हकले लियन उपर प्राथमिकता पाउनेछ।"

(२) उपदफा (७) मा रहेका "पाँच दिनभित्र" भन्ने शब्दहरु पछि "धितोको हक परिपक्व गराउन" भन्ने शब्दहरु थपिएका छन्।

२९. **<u>मूल ऐनको दफा ३८ मा संशोधनः</u>** मूल ऐनको दफा ३८ को सट्टा देहायको दफा ३८ राखिएको छः-

"**३८. <u>कृषि उत्पादनः</u>** धितो दिने व्यक्तिको कब्जामा रहेको अचल सम्पत्ति वा त्यस्तो अचल सम्पत्ति उपर रहेको निजको हकलाई प्रचलित कानून बमोजिम दर्ता गरी राखेको अवस्थामा त्यस्तो अचल सम्पत्तिको हिस्साको रुपमा रहेको कृषि उत्पादन उपरको परिपक्व धितोको हकले त्यस्तो सम्पत्तिको धनी वा बन्धकी लिने व्यक्तिको विवादयुक्त हक उपर प्राथमिकता पाउनेछ।"

३०. **<u>मूल ऐनको दफा ३९ मा संशोधनः</u>** मूल ऐनको दफा ३९ को उपदफा (३) मा रहेको "सुरक्षित" भन्ने शब्द झिकिएको छ।

३१. **<u>मूल ऐनको दफा ४० मा संशोधनः</u>** मूल ऐनको दफा ४० को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) धितोको सम्पत्ति मिश्रित सामान हुनुभन्दा अगावै दर्ताबाट सो धितोको सम्पत्तिमा रहेको धितोको हक परिपक्व भएको भए उत्पादन वा समूहसँग आबद्ध रहेको धितोको हकमा मिश्रित सामान उल्लेख भएको वा नभएको भए तापनि सूचना दर्ता निरन्तर परिपक्व हुनेछ। उत्पादन वा सोको समूह उपरको धितोको हकको प्राथमिकता मिश्रित भएको धितोको सम्पत्ति उपर रहेको धितोको हकको प्राथमिकताको समयदेखि गणना गरिनेछ।"

३२. <u>मूल ऐनको दफा ४२ मा संशोधनः</u> मूल ऐनको दफा ४२ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) कुनै व्यक्तिले बहीखातामा रहेको आफ्नो केही वा सबै अधिकार हस्तान्तरण गर्न सक्नेछ।"

(२) उपदफा (३) पछि देहायका उपदफा (३क) र (३ख) थपिएका छन्ः-

"(३क) बहीखाता हस्तान्तरण गरी दिने व्यक्तिको अधिकार कुनै पनि प्रकारले सीमित गर्ने गरी दायित्व बहन गर्ने व्यक्ति वा अन्य कुनै व्यक्तिसँग भएको सम्झौतामा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो बहीखाता हस्तान्तरण प्रभावकारी हुनेछ।

(३ख) बहीखाता हस्तान्तरण गरी दिने व्यक्तिले गरेको सम्झौताको उल्लङ्घनका सम्बन्धमा

हस्तान्तरण गरी दिने वा लिने व्यक्ति अन्य कुनै व्यक्तिप्रति उत्तरदायी हुने छैन र हस्तान्तरण सम्झौताको अर्को पक्षले सम्झौताको उल्लङ्घन गरेको आधारमा मात्र बहीखाता वा बहीखाता हस्तान्तरणको सम्झौताबाट सिर्जित दायित्वबाट उन्मुक्ति पाउने छैन।"

३३. **मूल ऐनमा दफा ४२क. थपः** मूल ऐनको दफा ४२ पछि देहायको दफा ४२क. थपिएको छः-

"४२क. **बहीखाता सङ्कलन गर्न सक्नेः** बहीखाताको पूर्ण हस्तान्तरण अन्तर्गत हस्तान्तरण गरी लिने व्यक्तिले हस्तान्तरण वा सङ्कलनको अधिकार प्रयोग गर्ने सम्बन्धमा यस ऐनमा गरिएको व्यवस्थाको अधीनमा रही निजले भुक्तानी बाँकी भएपछि जुनसुकै समयमा अदालती कारबाही बिना नै सिधै सो बहीखाता सङ्कलन गर्ने कारबाही चलाउन सक्नेछ।"

३४. **मूल ऐनको दफा ४४ मा संशोधनः** मूल ऐनको दफा ४४ मा रहेका "लियनहोल्डरको हकको सम्बन्धमा" भन्ने शब्दहरु र "लियनहोल्डरको हक सम्बन्धी सूचना दर्ता कार्यालयमा" भन्ने शब्दहरुको सट्टा क्रमशः "लियनको सम्बन्धमा" र "लियनको सूचना दर्ता अभिलेखमा" भन्ने शब्दहरु राखिएका छन्।

३५. **मूल ऐनमा दफा ४५क. थप**ः मूल ऐनको दफा ४५ पछि देहायको दफा ४५क. थपिएको छः-

"४५क. **सूचनामा प्राथमिक अधिकारः** धितोमा अधिकार प्रयोग गर्नुअघि धितो लिने व्यक्तिले सो धितोमा प्राथमिक अधिकार रहेको अन्य धितो लिने

व्यक्तिलाई सूचना दिनु पर्नेछ। पहिलो प्राथमिकतामा रहेको धितो लिने व्यक्तिले कार्यान्वयन प्रक्रिया सम्पन्न गर्नुअघि जुनसुकै बखत सो कार्यान्वयन प्रक्रियालाई अधिग्रहण गर्न सक्नेछ।"

३६. **<u>मूल ऐनको दफा ४६ मा संशोधनः</u>** मूल ऐनको दफा ४६ को उपदफा (४) मा रहेका "अन्य अमूर्त सम्पत्ति" भन्ने शब्दहरु र "अन्य मूर्त सम्पत्तिका" भन्ने शब्दहरुको सट्टा "अन्य भुक्तानीको अधिकार" भन्ने शब्दहरु राखिएका छन्।

३७. **<u>मूल ऐनको दफा ४७ मा संशोधनः</u>** मूल ऐनको दफा ४७ को उपदफा (४) झिकिएको छ।

३८. **<u>मूल ऐनको दफा ४८ मा संशोधनः</u>** मूल ऐनको दफा ४८ को,-

(१) उपदफा (१) मा रहेका "लिखित रुपमा स्वीकृति दिएको अवस्थामा दायित्वको परिपालन नभएको अवस्थामा पनि" भन्ने शब्दहरुको सट्टा "दायित्वको परिपालन नगरेको अवस्थामा" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (२) र (३) झिकिएका छन्।

३९. **<u>मूल ऐनको दफा ५० मा संशोधनः</u>** मूल ऐनको दफा ५० को,-

(१) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) धितोको सम्पत्ति छिट्टै सड्ने, गल्ने भई वा सोको मूल्यमा तुरुन्तै गिरावट आउने प्रकृतिको भई सूचना दिन व्यावहारिक नहुने भएकोमा बाहेक धितो लिने व्यक्तिले धितोको सम्पत्ति सार्वजनिक

रुपमा बिक्री गर्ने समय र स्थान वा निजी रुपमा बिक्री वा अन्य कुनै तवरले बेचबिखन गर्ने समयको मनासिब जानकारी धितो दिने व्यक्ति वा धितोको सम्पत्तिमा अधिनस्थ परिपक्व धितोको हक भएको अन्य कुनै धितो लिने व्यक्तिलाई दिनु पर्नेछ।"

(२) उपदफा (५) मा रहेका "कुनै सार्वजनिक वा व्यक्तिगत बिक्रीको माध्यमबाट" भन्ने शब्दहरुको सट्टा "सार्वजनिक रुपमा" भन्ने शब्दहरु राखिएका छन्।

४०. **<u>मूल ऐनको दफा ५१ मा संशोधनः</u>** मूल ऐनको दफा ५१ को उपदफा (३) को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) धितोको सम्पत्ति बेचबिखन हुँदा सो बेचबिखनमा असल नियतले मूल्य तिरी खरिद गर्ने खरिदकर्ताले प्राथमिकताको माथिल्लो क्रममा रहेको धितोको हकको अधीनमा रही त्यस्तो धितोको सम्पत्ति, धितोको हक, अधीनस्थ धितोको हक वा विशेषाधिकार बिना नै प्राप्त गर्ने, र"

(२) खण्ड (ख) मा रहेका "मूल्य दिई किन्ने सो सम्पत्तिको प्राप्तकर्तालाई" भन्ने शब्दहरुको सट्टा "मूल्य दिई खरिद गर्ने खरिदकर्तालाई" भन्ने शब्दहरु राखिएका छन्।

४१. **<u>मूल ऐनको दफा ५२ मा संशोधनः</u>** मूल ऐनको दफा ५२ को उपदफा (२) मा रहेका "सम्पत्तिमा रहेको हक सम्बन्धी

लिखित दाबी प्राप्त गरेको" भन्ने शब्दहरुको सट्टा "सम्पत्तिमा अधीनस्थ परिपक्व धितोको हक भएको" भन्ने शब्दहरु राखिएका छन्।

४२. <u>**मूल ऐनको दफा ५३ मा संशोधनः**</u> मूल ऐनको दफा ५३ को सट्टा देहायको दफा ५३ राखिएको छः-

"५३. <u>**धितोको सम्पत्ति निखन्ने वा सकार्ने अधिकारः**</u> (१) लिखित रुपमा अन्यथा सहमति भएकोमा बाहेक दायित्वको पालना नभएको अवस्थामा धितोको सम्पत्तिबाट सुरक्षित सम्पूर्ण दायित्वहरु पूरा गरी र धितो लिने व्यक्तिले भुक्तानी गरेको कानून व्यवसायीको मनासिब शुल्क र कानूनी कारबाही गर्दा लागेको अन्य खर्च लगायत त्यस्तो धितोको सम्पत्ति पुनः प्राप्त गर्दा, ग्रहण गर्दा, बेचबिखनको तयारी गर्दा वा बेचबिखन गर्दा धितो लिने व्यक्तिले गरेको अन्य मनासिब खर्च बुझाई धितो दिने व्यक्ति वा धितो लिने अन्य कुनै व्यक्तिले धितोको सम्पत्ति निखन्न वा सकार्न सक्नेछ।

(२) धितो लिने व्यक्तिले धितोको सम्पत्ति बेचबिखन गर्नुभन्दा अघि वा बेचबिखनको लागि करार गर्नुभन्दा अघि वा दायित्व पूरा हुनुभन्दा अघि धितोको सम्पत्ति सकार्न सक्नेछ।"

४३. <u>**मूल ऐनको दफा ५५ मा संशोधनः**</u> मूल ऐनको दफा ५५ को,-

(१) उपदफा (१) को खण्ड (क) मा रहेका "दर्ता कार्यालयमा दाखिला गरिएको" भन्ने शब्दहरुको सट्टा

"दर्ता अभिलेखमा भरिएको" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "दर्ता कार्यालयमा" भन्ने शब्दहरुको सट्टा "दर्ता अभिलेखमा" भन्ने शब्दहरु राखिएका छन्।

४४. **मूल ऐनको दफा ५७ मा संशोधनः** मूल ऐनको दफा ५७ को ठाउँ ठाउँमा रहेका "दर्ता कार्यालय" भन्ने शब्दहरुको सट्टा "दर्ता अभिलेख" भन्ने शब्दहरु राखिएका छन्।

४५. **मूल ऐनमा दफा ५८क. थपः** मूल ऐनको दफा ५८ पछि देहायको दफा ५८क. थपिएको छः-

"**५८क. धितोको हक कायम रहनेः** धितो दिने व्यक्तिको सम्बन्धमा प्रचलित कानून बमोजिम दामासाहीको प्रक्रिया सुरु हुँदाका बखत परिपक्व भइसकेको कुनै धितोको हक यथावत कायम रहनेछ।"

<u>**सुरक्षित कारोवार ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकको तीन महले विवरण**</u>

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
१.	प्रस्तावनामा संशोधन	देशको आर्थिक विकासका लागि आर्थिक क्रियाकलापको अधिकतमा प्रबर्द्धन गर्न सुरक्षित कारोबारका सम्बन्धमा एकीकृत कानूनी व्यवस्था गरी चल **तथा अमूर्त** सम्पत्ति उपरको दायित्व परिपालन गर्ने गराउने व्यवस्था तत्काल गर्न वाञ्छनीय भएकोले,	सुरक्षित कारोबार ऐन, २०६३ को प्रस्तावनामा रहेको **"तथा अमूर्त"** भन्ने शब्दहरु झिकिएका छन्।	चल सम्पत्ति सम्बन्धी व्यवस्थालाई व्यापक रुपमा उल्लेख गरिएको कारणले सो सम्बन्धी व्यवस्था मिलाउन आवश्यक भएकोले।
२.	दफा २ को खण्ड (क) मा संशोधन	(क) "अदालत" भन्नाले नेपाल सरकारले **सर्वोच्च अदालतको सहमति लिई** नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकि दिएको अदालतको वाणिज्य इजलास सम्झनु पर्छ।	(क) "अदालत" भन्नाले नेपाल सरकारले **न्याय परिषद्को परामर्शमा** नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकि दिएको अदालतको वाणिज्य इजलास	नेपालको संविधानले न्यायाधीशको नियुक्ति तथा सरुवा गर्दा तथा खटाउँदा न्याय परिषदको सिफारिस तथा परामर्शमा गर्नु पर्ने संवैधानिक व्यवस्था

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
			सम्झनु पर्छ।	
३.	दफा २ को खण्ड (ख) मा संशोधन	(ख) "अधिकारपत्र" (इन्स्टुमेन्ट) भन्नाले नियमित व्यावसायिक कारोबारको सिलसिलामा दरपीठ वा हस्तान्तरणको माध्यमबाट अरुलाई प्रदान गर्न सकिने लिखत तथा शेयर प्रमाणपत्र सम्झनु पर्छ र सो शब्दले नगद भुक्तानीको हक प्रमाणित गर्ने जुनसुकै लिखतसमेतलाई जनाउँछ। तर सो शब्दले धितो वा पट्टा सम्झौतालाई जनाउने छैन।	(क) "अधिकारपत्र (इन्स्ट्रुमेन्ट)" भन्नाले प्रतिज्ञापत्र, विनिमेयपत्र वा अन्य विनिमेय अधिकारपत्र सम्झनु पर्छ।"	कानूनी व्यवस्थासँग एकरुपता कायम गर्न आवश्यक भएकोले। दफा ४१ मा उल्लेख भएको व्यवस्थासँग मिलाउनु आवश्यक भएकोले।
४.	दफा २ को खण्ड (ग) झिकिएको	(ग) "अमूर्त सम्पत्ति" (इन्टयान्जिबल प्रपर्टी) भन्नाले कानूनी हक सृजना गर्ने मालसामान, बहीखाता, सुरक्षित बिक्री करार, लिखत, अधिकारपत्र र मुद्रा बाहेकका अन्य चल सम्पत्ति सम्झनु पर्छ।	झिकिएको।	प्रस्तावनामा रहेको अमूर्त शब्द हटाएको हुँदा ऐनका अन्य दफाहरुसँग एकरुपता कायम गर्न आवश्यक भएकोले।
५.	दफा २ को खण्ड (झ)	(झ) "खरिद मूल्य सम्बन्धी धितोको हक" (पर्चेज मनी सेक्यूरिटी इन्ट्रेस्ट) भन्नाले देहायको हदसम्मको कुनै पनि धितोको हकलाई खरिद मूल्य	"(झ) "खरिद मूल्य सम्बन्धी धितोको हक (पर्चेज मनी सेक्युरिटी इन्ट्रेस्ट)" भन्नाले देहायको हदसम्मको कुनै	बौद्धिक सम्पत्ति सम्बन्धी कानूनी व्यवस्थासँग एकरुपता कायम गर्न

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
	मा संशोधन	सम्बन्धी धितोको हक सम्झनु पर्छः— (१) मालसामानको पूरा वा आंशिक मूल्य सुरक्षित गर्न सोको बिक्रेताले सो हक लिएको वा आपूmसँग निहित राखेको, वा (२) बिक्रेता बाहेक अन्य व्यक्तिले धितो लिने व्यक्तिलाई मालसामान वा सोको प्रयोग उपर हक प्राप्त गराउन मूल्य वा प्रतिफल दिई निजले सो मालसामान उपर धितोको हक लिएको र त्यस्तो मूल्य वा प्रतिफल जुन प्रयोजनका लागि लिएको हो सोबापत नै प्रयोग गरेको।	वस्तुमा रहेको वा कुनै बौद्धिक सम्पत्ति वा बौद्धिक सम्पत्तिको इजाजतपत्र अन्तर्गत इजाजतवालाको अधिकारमा रहेको कुनै धितोको हक सम्झनु पर्छः- (१) सम्पत्तिको पूरा वा आंशिक मूल्य सुरक्षित गर्न सोको बिक्रेताले सो हक लिएको वा आफूसँग निहित राखेको, वा (२) बिक्रेता बाहेक अन्य व्यक्तिले धितो लिने व्यक्तिलाई सम्पत्ति वा सोको प्रयोग उपर हक प्राप्त गराउन मूल्य वा प्रतिफल दिई निजले सो सम्पत्ति उपर धितोको हक लिएको र त्यस्तो मूल्य वा प्रतिफल जुन प्रयोजनको लागि लिएको हो सो बापत नै प्रयोग गरेको।"	आवश्यक भएकोले।
६.	दफा २ को	नभएको।	"(झ१) "चल सम्पत्ति" भन्नाले अचल सम्पत्ति बाहेक जडित सामान,	थप गरिएको दफा (२क) सँग

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
	खण्ड (झ) पछि खण्ड (झ१) थप		उत्खननको लागि अनुमतिप्राप्त खनिज पदार्थ, काट्नु पर्ने रुख लगायत व्यक्तिको कुनै पनि प्रकृतिको मूर्त वा अमूर्त सम्पत्ति सम्झनु पर्छ र सो शब्दले भविष्यमा सिर्जना हुने सम्पत्ति, बहीखाता, मालसामान, बैङ्क खाता, धितोको सम्पत्तिबाट प्राप्त लाभ वा मुलुक बाहिर रहेको चल सम्पत्तिलाई समेत जनाउँछ।"	मिलाउन आवश्यक भएकोले। साथै मध्यस्थता सम्बन्धी अन्तर्राष्ट्रिय कानूनमा समेत एकरुपता ल्याउन आवश्यक भएकोले।
७.	दफा २ को खण्ड (ट) मा संशोधन	"जमानत भन्नाले भुक्तानीको दायित्व वा प्रतितपत्र अन्तर्गत जारी गर्ने व्यक्तिको भुक्तानीको दायित्व जस्ता सहायक दायित्व सम्झनु पर्छ र सो शब्दले बहीखाता, सुरक्षित विक्री करार, लिखत, अधिकारपत्र वा अन्य **अमूर्त सम्पत्तिका** सम्बन्धमा भुक्तानी गराउन सहयोग पुऱ्याउने दायित्व समेतलाई जनाउँछ।	"जमानत भन्नाले भुक्तानीको दायित्व वा प्रतितपत्र अन्तर्गत जारी गर्ने व्यक्तिको भुक्तानीको दायित्व जस्ता सहायक दायित्व सम्झनु पर्छ र सो शब्दले बहीखाता, सुरक्षित विक्री करार, लिखत, अधिकारपत्र वा अन्य **चल सम्पत्तिका** सम्बन्धमा भुक्तानी गराउन सहयोग पुऱ्याउने दायित्व समेतलाई	अमूर्त भन्ने शब्द ऐनबाट झिकिएको हुँदा उक्त व्यवस्थालाई मिलाउन आवश्यक भएकोले।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
			जनाउँछ।	
८.	दफा २ मा खण्ड (ट१) र (ट२) थप	नभएको।	"(ट१) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ। (ट२)"दर्ता अभिलेख" भन्नाले दफा ५ को उपदफा (१) को खण्ड (क) बमोजिम खडा गरिएको दर्ता अभिलेख सम्झनु पर्छ।"	प्रत्यायोजित व्यवस्था राख्न आवश्यक भएकोले। कागजमा आधारित (paper-based) अभिलेख प्रणालीबाट अपग्रेड गरी इलेक्ट्रोनिक (electronic) रेकर्ड प्रणालीमा परिणत गर्न आवश्यक भएको र "दर्ता अभिलेख" शब्द ऐनमा विभिन्न स्थानमा प्रयोग भएकोले साथै, प्रचलित सुरक्षित कारोबारको अभ्यासले दुबै दर्ता तथा खोजीहरू अनलाइन प्रणालीबाट गरिनुपर्ने भनी व्यवस्था गरेको अनलाइन रेजिष्ट्रेसनमा प्रविष्ट गर्नुपर्ने सम्पूर्ण अनिवार्य विषयहरू

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
				भरिसकेका र शुल्क भुक्तान गरिसकेको खण्डमा ती दर्ताहरू स्वचालित रूपमा र दर्ता अभिलेखमा तुरुन्त अपलोड गर्नुपर्ने भएकोले सो सम्बन्धी व्यवस्थालाई मिलाउन आवश्यक भएकोले।
९.	दफा २ मा खण्ड (ठ) पछि खण्ड (ठ१) थप	नभएको।	“(ठ१) "दायित्व परिपालना नभएको अवस्था” भन्नाले दायित्व बहन गर्ने व्यक्तिले पूरा गर्नु पर्ने दायित्व पूरा गर्न नसकेको अवस्था सम्झनु पर्छ र सो शब्दले धितो दिने र धितो लिने व्यक्तिबीच भएको सम्झौताको सर्त अन्तर्गत दायित्व परिपालना गर्न नसकेको मानिने कुनै अन्य अवस्थालाई समेत जनाउँछ।“	धितो सम्बन्धी सम्झौताका पक्षहरुले धितो लिने व्यक्तिले धितोको हक कार्यान्वयन गर्न सक्ने अवस्थाहरुका बारेमा सहमत हुन सक्ने कानूनी व्यवस्थालाई आत्मसाथ गर्न आवश्यक भएकोले।
१०.	दफा २ को खण्ड (ड)	"दायित्व बहन गर्ने व्यक्ति" भन्नाले बहीखाता, सुरक्षित विक्री करार वा अन्य **अमूर्त सम्पत्तिका**	"दायित्व बहन गर्ने व्यक्ति" भन्नाले बहीखाता, सुरक्षित विक्री करार वा अन्य **चल सम्पत्तिका** सम्बन्धमा दायित्व	प्रस्तावित अन्य संशोधनहरुको परिणामस्वरुप यो संशोधन आवश्यक

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
	मा संशोधन	सम्बन्धमा दायित्व पूरा गर्नु पर्ने व्यक्ति सम्झनु पर्छ।	पूरा गर्नु पर्ने व्यक्ति सम्झनु पर्छ।	भएकोले संशोधन प्रस्ताव गरिएको हो। प्रस्तावबाट अमूर्त शब्द हटाएको हुँदा अन्य दफाहरु समेत तत् सम्बन्धी व्यवस्थालाई मिलाउन आवश्यक भएकोले।
११.	दफा २ को खण्ड (ण) मा संशोधन	(ण) "धितो दिने व्यक्ति" भन्नाले धितोको सम्पत्तिमा आफ्नो स्वामित्व वा अधिकार भए वा नभए पनि कुनैे भुक्तानी दिनु पर्ने वा सुरक्षित दायित्व सम्पन्न गर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले बहीखाता वा सुरक्षित बिक्री करारको बिक्रेता तथा मालसामान पट्टामा लिने व्यक्तिसमेतलाई जनाउँछ।	"(ण) "धितो दिने व्यक्ति" भन्नाले आफ्नो वा अन्य कुनै व्यक्तिको दायित्व सुनिश्चित गर्न धितोको हक सिर्जना गर्ने गरी धितो दिने व्यक्ति सम्झनु पर्छ र सो शब्दले बहीखाता धितो दिने व्यक्तिलाई समेत जनाउँछ।"	धितो दिने व्यक्ति ऋणी नहुन पनि सक्ने तथ्यलाई प्रतिबिम्बित गर्न आवश्यक भएकोले।
१२.	दफा २ को खण्ड (त) मा संशोधन	"धितोको सम्पत्ति" भन्नाले धितोको हकसँग सरोकार भएको कुनै पनि प्रकृतिको अमूर्त सम्पत्ति, जडित सामान, काट्नु पर्ने रुख, उत्खनन गर्नु पर्ने खनिज जस्ता चलसम्पत्ति सम्झनु पर्छ र सो शब्दले भविष्यमा सृजना हुने धितोको सम्पत्ति, मुलुकभित्र	"(त) "धितोको सम्पत्ति" भन्नाले धितोको हक सिर्जना गर्न सक्ने चल सम्पत्ति सम्झनु पर्छ।"	प्रस्तावित संशोधनले अचल सम्पत्ति बाहेक अन्य प्रकारको सम्पत्तिको रूपमा "चल सम्पत्ति" हुने भन्ने उल्लेख गरेको। साथै, धितोको हकको (सेक्युरिटी इन्टरेस्ट) विषय हुने

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
		वा बाहिर रहेको धितोको सम्पत्ति, बिक्री गरिएको बहीखाता वा सुरक्षित बिक्री करार, पट्टामा दिएको मालसामान तथा धितोको सम्पत्तिबाट प्राप्त लाभसमेतलाई जनाउँछ ।		भएकोले सो सम्बन्धी व्यवस्थालाई मिलाउन आवश्यक भएकोले।
१३.	दफा २ को खण्ड (द) मा संशोधन	"धितोको हक" (सेक्युरिटी इन्टरेस्ट) भन्नाले कुनै दायित्वको परिपालना सुरक्षित गर्ने गरी धितोको सम्पत्तिमाथि रहेको सम्पत्ति सम्बन्धी अधिकार सम्झनु पर्छ।	"(द) "धितोको हक (सेक्युरिटी इन्टरेस्ट)" भन्नाले धितो दिने व्यक्तिले धितो दिएको चल सम्पत्तिउपर सम्झौता बमोजिम सिर्जित धितो लिने व्यक्तिको अधिकार (इन्टरेस्ट) सम्झनु पर्छ र सो शब्दले बहीखाता हस्तान्तरण गरी लिने व्यक्तिको अधिकार (इन्टरेस्ट) लाई समेत जनाउँछ।"	"धितो दिने व्यक्ति" र "धितो लिने व्यक्ति" को परिभाषालाई मिलाउन आवश्यक भएकोले।
१४.	दफा २ को खण्ड (ध) र (न)	(ध) "नियमित व्यावसायिक कारोबारको सिलसिलाको खरिदकर्ता" (बाय्र इन द अर्डिनरी कोर्स अफ बिजनेश) भन्नाले नियमित रुपमा एकै किसिमका मालसामान बिक्री गर्ने व्यक्तिबाट	झिकिएको।	संशोधनका लागि उल्लेख भएका अन्य दफाहरुसँग एकरुपता कायम गर्न आवश्यक भएकोले।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
	झिकिएको	त्यस्तो मालसामान खरिद गर्दा सो मालसामानमाथि रहेको अरु व्यक्तिको अधिकारमा असर पर्न सक्ने भन्ने कुरा थाहा नपाई असल नियतले खरिद गर्ने व्यक्ति सम्झनु पर्छ। (न) "नियमित व्यावसायिक कारोबारको सिलसिलामा पट्टा लिने व्यक्ति" (लेसी इन द अर्डिनरी कोर्स अफ बिजनेस) भन्नाले नियमित रुपमा एकै प्रकृतिको मालसामान बिक्री गर्ने वा पट्टा दिने व्यवसायमा संलग्न व्यक्तिबाट अन्य तेस्रो व्यक्तिको स्वामित्व सम्बन्धी अधिकारमा वा धितोको हक वा पट्टासम्बन्धी हकमा हनन हुन सक्छ भन्ने कुरा थाहा नपाई असल नियतले त्यस्तो मालसामान पट्टामा लिने व्यक्ति सम्झनु पर्छ।	झिकिएको।	संशोधनका लागि उल्लेख भएका अन्य दफाहरुसँग एकरुपता कायम गर्न आवश्यक भएकोले।
१५.	दफा २ को खण्ड (कक) र खण्ड (कख)	(कक) "हस्तान्तरण गरी लिने व्यक्ति" भन्नाले अधिकार वा भुक्तानी हस्तान्तरण गरी लिने व्यक्ति सम्झनु पर्छ। (कख) "हस्तान्तरण गरी दिने व्यक्ति" भन्नाले अधिकार वा भुक्तानी हस्तान्तरण गरी दिने व्यक्ति	"(कक) "हस्तान्तरण गरी दिने व्यक्ति" भन्नाले बहीखाता धितोको रुपमा हस्तान्तरण गरी दिने व्यक्ति सम्झनु पर्छ। "(कख) "हस्तान्तरण गरी लिने	दफा ४२ सँग एकरुपता कायम गर्न आवश्यक भएकोले।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
	मा संशोधन	सम्झनु पर्छ।	व्यक्ति" भन्नाले बहीखाता हस्तान्तरण गरी लिने व्यक्ति सम्झनु पर्छ।"	
१६.	दफा ३ को उपदफा (१) को खण्ड (क) मा संशोधन	(क) धरौटी (प्लेज), बन्धकी (हाइपोथिकेसन) तथा हायर पर्चेज लगायत धितोको सम्पत्तिबाट दायित्व सुरक्षित गर्ने प्रयोजनका लागि गरिने सम्पूर्ण कारोबार,	(क) खण्ड (क) पछि देहायको स्पष्टीकरण राखिएको छः- खण्ड (क) पछि देहायको स्पष्टीकरण थपिएको छः स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "बन्धकी" भन्नाले चल सम्पत्तिको बन्धकीलाई जनाउँछ।"	तर्जुमाको दृष्टिकोणले मिलाएको। "बन्धकी" शब्दलाई स्पष्ट गर्न आवश्यक भएकोले ।
१७.	दफा ३ को उपदफा (१) को खण्ड (ख) र (ग) मा संशोधन	(ख) बहीखाता र सुरक्षित बिक्री करारको बेच बिखन, र (ग) मालसामानको पट्टा । स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "बन्धकी" भन्नाले चल सम्पत्तिको बन्धकीलाई मात्र जनाउँछ।	खण्ड (ख) र (ग) को सट्टा देहायका खण्ड (ख) र (ग) राखिएका छन्ः- "(ख) दायित्वको सुरक्षा गर्ने वा नगर्ने जुनसुकै उद्देश्यले गरिने बहीखाताको बेचबिखन, र (ग) दायित्व सुरक्षित गर्ने वा नगर्ने जुनसुकै उद्देश्यले गरिने मालसामानको पट्टा।"	अरु दफाहरुमा रहेका व्यवस्थासँग समन्वय हुने गरी सो सम्बन्धी स्पष्टता गर्न आवश्यक भएकोले।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
१८.	दफा ३ को उपदफा (१) पछि उपदफा (१क) थप	नभएको	उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः- "(१क) देहाय बमोजिमको धितोको सम्बन्धमा यो ऐन लागू हुनेछः- (क) धितोको हक सिर्जना हुँदाका बखत धितोको सम्पत्तिको रुपमा रहेको अधिकारपत्र लगायतका चल सम्पत्ति नेपालमा रहेको भएमा, (ख) नेपालमा रहने आधार देखिएको चल सम्पत्ति वा त्यस्तो सम्पत्ति सामान्यतया एकभन्दा बढी मुलुकमा प्रयोगमा आउने गरेको र सो सम्पत्ति धितो दिने व्यक्ति नेपालमा बसोबास गरी त्यस्तो धितो नेपालमा रहेको भएमा, वा	सुरक्षित कारोबारको क्षेत्रमा कुनै कारोबारमा यस ऐन वा अन्य देशको सुरक्षित कारोबार सम्बन्धी कानूनबीचमा समन्वय हुने गरी नेपालको सन्दर्भमा प्रस्तुत ऐनको व्यवस्था लागू गर्ने सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
			(ग) धितोको सम्पत्तिको रुपमा रहेको बहीखाता लगायतका चल सम्पत्ति र त्यस्तो धितोको सम्पत्ति नेपालमा रहेको भएमा।"	
१९.	दफा ३ को उपदफा (२) मा संशोधन	पक्षहरुका बीचमा भएको सम्झौतामा जुनसुकै कुरा लेखिएको भए तापनि वा धितोको सम्पत्तिमा स्वामित्वको अधिकार धितो लिने वा धितो दिने व्यक्ति जोसँग रहेको भए तापनि **उपदफा (१) मा उल्लिखित कारोबारहरुको सम्बन्धमा** यो ऐन लागू हुनेछ ।	उपदफा (२) मा रहेका **उपदफा (१) मा उल्लिखित कारोबारहरुका सम्बन्धमा** भन्ने शब्दहरुको सट्टा **"उपदफा (१) र (१क) मा उल्लिखित कारोबार र धितोको सम्बन्धमा"** भन्ने शब्दहरु राखिएका छन्।	थप भएको उपदफा (१क) समेतलाई तादात्म्यता मिलाउन आवश्यक भएकाले ।
२०.	दफा ३ को उपदफा (३) मा संशोधन	(३) उपदफा **(१) र (२)** मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कारोबारका सम्बन्धमा यो ऐन लागू हुने छैनः-	(३) उपदफा **(१), (१क) र (२)** मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कारोबारका सम्बन्धमा यो ऐन लागू हुने छैनः-	संशोधनको लागि उल्लेख भएका अन्य दफासँग एकरुपता कायम गर्न आवश्यक भएकोले।
२१.	दफा ७ को उपदफा (१)	७. <u>**प्रारम्भिक सूचनाका विषयवस्तुहरुः**</u> (१) प्रारम्भिक सूचनामा कम्तीमा देहायका कुराहरु उल्लेख भएको हुनु पर्नेछः-	उपदफा (१) र (२) को सट्टा देहायका उपदफा (१) र (२) राखिएका छन्ः- "(१) प्रारम्भिक सूचनामा कम्तीमा	

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
	र (२) मा संशोधन	(क) धितो दिने व्यक्तिको नाम, ठेगाना र अन्य विवरण, (ख) धितो लिने व्यक्ति वा निजको प्रतिनिधिको नाम, ठेगाना र अन्य विवरण, (ग) धितोको सम्पत्तिसँग सम्बन्धित विवरण। तर त्यस्तो सूचना कटान गरिने रुख, उत्खनन गरिने खनिज पदार्थ वा धितोको सम्पत्तिमा जडित सामानसँग सम्बन्धित भएमा सम्बन्धित अचल सम्पत्तिको विवरणसमेत उल्लेख गर्नु पर्नेछ। (२) धितो दिने व्यक्ति वा निजले अख्तियारी दिएको व्यक्तिले निजको तर्फबाट यस ऐन बमोजिम प्रारम्भिक सूचना दर्ता कार्यालय समक्ष दर्ता गर्न सक्नेछ। धितो दिने व्यक्तिले अख्तियारी दिएको लिखत त्यस्तो सूचनामा समावेश हुन आवश्यक छैन।	देहायका विवरण उल्लेख भएको हुनु पर्नेछः- (क) धितो दिने व्यक्तिको नाम, ठेगाना र अन्य विवरण, (ख) धितो लिने व्यक्ति वा निजको प्रतिनिधिको नाम, ठेगाना र अन्य विवरण, (ग) धितोको सम्पत्तिसँग सम्बन्धित विवरण, तर त्यस्तो प्रारम्भिक सूचना उत्खननको लागि अनुमतिप्राप्त खनिज पदार्थ, कटान गरिने रुख वा धितोको सम्पत्तिमा जडित सामानसँग सम्बन्धित भएमा सम्बन्धित अचल सम्पत्तिको विवरण समेत उल्लेख गर्नु पर्नेछ। क्रमसङ्ख्या अङ्कित	

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
			सवारी साधनलाई सोको क्रमसङ्ख्याको आधारमा वा सामान्य तरिकाले उल्लेख गर्न सकिनेछ। (घ) तोकिए बमोजिमका अन्य विवरण।" (२) धितो लिने व्यक्ति वा निजले अख्तियारी दिएको व्यक्तिले निजको तर्फबाट यस ऐन बमोजिम प्रारम्भिक सूचना दर्ता कार्यालय समक्ष दर्ता गर्न सक्नेछ।"	
२२.	दफा ७ को उपदफा (५) मा संशोधन	(५) कुनै प्रारम्भिक सूचनामा यस दफा बमोजिम उल्लेख गर्नु पर्ने कुनै कुरा उल्लेख हुन नसकेको भए तापनि सो सूचनाले यस परिच्छेदमा उल्लेख भएका अन्य शर्तहरु पूरा गरेको भएमा र त्यस्तो सूचनाको भ्रामक अर्थ नलाग्ने भएमा यस ऐन बमोजिम प्रभावकारी भएको मानिनेछ।	"(५) प्रारम्भिक सूचनामा भएको जानकारी दर्ता अभिलेखमा राखिएको मिति र समयपछि मान्य हुनेछ।"	सूचना सम्बन्धी व्यवस्थामा पारदर्शिता र निश्चितता कायम गर्न आवश्यक भएकोले।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
२३.	दफा ८ मा संशोधन	**८. <u>सूचनामा उल्लिखित नामको पर्याप्तता:</u>** (१) सूचनामा देहायका कुराहरु उल्लेख भएमा धितो दिने व्यक्तिको नाम सो सूचनामा पर्याप्त रुपमा खुलाएको मानिनेछः- (क) धितो दिने व्यक्ति प्राकृतिक व्यक्ति भए निजले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लिखित नागरिकता नम्बर त्यस्तो सूचनामा उल्लेख गरिएको भए, (ख) धितो दिने व्यक्ति गैर-नेपाली नागरिक भए निजले प्राप्त गरेको राहदानीमा उल्लिखित नाम र सो राहदानी जारी गर्ने देशको नाम तथा नम्बर त्यस्तो सूचनामा उल्लेख गरिएको भए, (ग) धितो दिने व्यक्ति प्रचलित कानूनबमोजिम स्थापना भएको सङ्गठित संस्था भए प्रचलित कानूनबमोजिम स्थापना भई मान्यता प्राप्त गरेको नाम र दर्ता प्रमाणपत्र नम्बर त्यस्तो सूचनामा उल्लेख गरिएको भए, (घ) धितो दिने व्यक्ति प्रचलित कानून	**८. <u>सूचना अमान्य नहुने वा असर नपर्ने:</u>** (१) धितो दिने व्यक्तिको यथार्थ विवरणको प्रयोग गरी दर्ता अभिलेखमा खोजी गर्दा सूचनामा भएको जानकारी प्राप्त गर्न सकिने भएमा धितो दिने व्यक्तिको विवरणमा सामान्य कुनै त्रुटि भए तापनि त्यस्तो सूचना मान्य हुनेछ। (२) धितो दिने व्यक्तिको पहिचान सम्बन्धमा सूचनामा भएको कुनै सामान्य त्रुटिले सही पहिचान उल्लेख भएको अन्य धितो दिने व्यक्तिको हकमा सूचना प्रभावकारी हुने कुरामा असर पार्ने छैन। (३) धितो दिने व्यक्तिको पहिचानको त्रुटि बाहेक दफा ७ को उपदफा (१) बमोजिम सूचनामा उल्लेख गर्नु पर्ने कुनै जानकारीमा भएको सामान्य त्रुटिले दर्ता अभिलेखमा मनासिब रुपमा खोजी	सूचना सम्बन्धी व्यवस्थामा बढी स्पष्टता गरी पारदर्शिता कायम गर्न आवश्यक भएकोले।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
		बमोजिम नेपाल राज्यभित्र व्यवसाय सञ्चालन गर्न मान्यता प्राप्त विदेशी सङ्गठित संस्था भए त्यस्तो संस्थाले नेपाल राज्यभित्र कारोबार सञ्चालन गर्न प्रचलित कानून बमोजिम मान्यता प्राप्त गरेको नाम त्यस्तो सूचनामा उल्लेख गरिएको भए, र (ङ) धितो दिने व्यक्ति प्रचलित कम्पनी कानून अन्तर्गत दर्ता नभएको तर प्रचलित कम्पनी कानून बमोजिम नेपाल राज्यभित्र व्यवसाय सञ्चालन गर्न पाउने विदेशी सङ्गठित संस्था भए त्यस्तो सङ्गठित संस्था संस्थापना भएको देशको प्रचलित कानून बमोजिम मान्यता प्राप्त नाम त्यस्तो सूचनामा उल्लेख गरिएको भए। (२) सूचनामा धितो दिने व्यक्तिको नाम पर्याप्त रुपमा खुलाइएको अवस्थामा त्यस्तो सूचनामा धितो दिने व्यक्तिको व्यापारिक नाम वा अन्य कुनै नाम उल्लेख नभएको कारणले मात्र त्यस्तो सूचना प्रभावकारी नभएको मानिने छैन। तर सूचनामा धितो दिने व्यक्तिको व्यापारिक	गर्ने व्यक्तिलाई भ्रममा पार्ने स्थिति नभएसम्म त्यस्तो सूचनाको प्रभावकारितामा कुनै असर पर्ने छैन। (४) धितोको सम्पत्तिको विवरणमा कुनै त्रुटि भई त्यस्तो सम्पत्तिको सम्बन्धमा सूचना प्रभावकारी नभएको कारणले सूचनामा पर्याप्त रुपमा उल्लेख भएको अन्य धितोको सम्पत्तिको हकमा सूचना प्रभावकारी हुने कुरामा असर पार्ने छैन।"	

क.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
		नाम मात्र उल्लेख भएको अवस्थामा त्यस्तो सूचनामा धितो दिने व्यक्तिको नाम पर्याप्तरुपमा उल्लेख गरेको मानिने छैन। (३) सूचनामा एकभन्दा बढी धितो दिने व्यक्तिको नाम र एकभन्दा बढी धितो लिने व्यक्तिको नाम उल्लेख गर्न सकिनेछ। (४) सूचनामा कुनै व्यक्ति धितो लिने व्यक्तिको प्रतिनिधि हो भन्ने कुरा खुलाउन नसकेको कुराले मात्र सो सूचनाको पर्याप्ततामा कुनै असर पार्ने छैन।		

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
२४.	दफा ९ को उपदफा (१) मा संशोधन	(१) धितोको सम्पत्ति बिक्री, विनिमय गरिएको, पट्टा वा इजाजतमा दिइएको वा कुनै पनि किसिमले हस्तान्तरण गरिएको भएमा **धितो दिने व्यक्तिले** त्यसरी हस्तान्तरण भएको कुरा थाहा पाएको वा सो हस्तान्तरण गर्नमा मन्जूरी दिएको भए तापनि सो धितोको सम्पत्तिको सम्बन्धमा दर्ता गरिएको सूचना त्यस्तो हस्तान्तरणपछि पनि मान्य रहि रहनेछ।	"(१) धितोको सम्पत्ति बिक्री गरिएको, विनिमय गरिएको, पट्टा वा इजाजतमा दिइएको वा कुनै पनि किसिमले हस्तान्तरण गरिएको भएमा **धितो लिने व्यक्तिले** त्यसरी हस्तान्तरण भएको कुरा थाहा पाएको वा सो हस्तान्तरण गर्नमा मञ्जुरी दिएको भए तापनि सो धितोको सम्पत्तिको सम्बन्धमा कायम गरिएको दर्ताको सूचना त्यस्तो हस्तान्तरणपछि पनि मान्य रही रहनेछ।"	प्रारम्भिक सूचना दर्ता गर्ने व्यक्ति धितो दिने व्यक्ति नभई धितो लिने हुनुपर्ने हुन्छ ।
२५.	दफा १० को उपदफा (३) मा संशोधन	(३) सूचना बहाल रहने समयावधि समाप्त भएको कारणले कुनै धितोको हक अपरिपक्व भएमा त्यस्तो **सूचना समाप्त हुनुभन्दा अघि वा पछि** मूल्य तिरी धितोको सम्पत्ति प्राप्त गर्ने व्यक्तिका बिरुद्ध धितोको हक कुनै पनि अवस्थामा परिपक्व भएको मानिने छैन।	(३) सूचना बहाल रहने समयावधि समाप्त भएको कारणले कुनै धितोको हक अपरिपक्व भएमा त्यस्तो **सूचनाको अवधि समाप्त भएपछि** मूल्य तिरी धितोको सम्पत्ति प्राप्त गर्ने व्यक्तिका बिरुद्ध धितोको हक कुनै पनि अवस्थामा परिपक्व भएको मानिने	सूचना सम्बन्धी अन्य दफाहरुसँग रुकरुपता कायम गर्न आवश्यक भएकोले।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
			छैन।	
२६.	दफा ११ को शीर्षकमा संशोधन	**११ <u>सूचनामा उल्लिखित धितो दिने व्यक्तिको नाम:</u>** (१) यस ऐन बमोजिम दर्ता गरिएको प्रारम्भिक सूचना वा संशोधनको सूचनामा जसको नाम धितो लिने व्यक्ति वा निजको प्रतिनिधि भनी जनिएको छ त्यस्तो व्यक्तिलाई सो सूचनामा उल्लिखित धितो लिने व्यक्ति भनिनेछ। (२) संशोधनको सूचनाद्वारा उपदफा (१) बमोजिमको धितो लिने व्यक्तिलाई नाम संशोधन गरी नहटाएसम्म त्यस्तो व्यक्ति नै धितो लिने व्यक्तिको रुपमा कायम रहि रहनेछ।	**११ <u>सूचनामा उल्लिखित धितो लिने व्यक्तिको नाम:</u>** (१) यस ऐन बमोजिम दर्ता गरिएको प्रारम्भिक सूचना वा संशोधनको सूचनामा जसको नाम धितो लिने व्यक्ति वा निजको प्रतिनिधि भनी जनिएको छ त्यस्तो व्यक्तिलाई सो सूचनामा उल्लिखित धितो लिने व्यक्ति भनिनेछ। (२) संशोधनको सूचनाद्वारा उपदफा (१) बमोजिमको धितो लिने व्यक्तिलाई नाम संशोधन गरी नहटाएसम्म त्यस्तो व्यक्ति नै धितो लिने व्यक्तिको रुपमा कायम रहि रहनेछ।	सूचनामा उल्लिखित धितो दिने व्यक्तिको नाम नभई धितो लिने सम्बन्धी व्यवस्था गरिएकोले सोसँग मिलाउन आवश्यक भएकोले।
२७.	दफा १२ को उपदफा (२) मा संशोधन	(२) धितो दिने व्यक्तिले हस्ताक्षरित अभिलेखनद्वारा अख्तियारी दिई कुनै संशोधनको सूचना दर्ता गरिएकोमा त्यस्तो संशोधनको सूचनाले समेटेको धितोको सम्पत्तिमा थप हुने व्यवस्था गरेमा वा	"(२) सूचनाले समेटेको धितोको सम्पत्तिमा थप हुने गरी वा कुनै धितो दिने व्यक्तिलाई सूचनामा समावेश गर्ने गरी सूचनामा गरिएको संशोधन त्यस्तो	सूचिकृत गरिएको धितो लिने सबै व्यक्तिलाई समान रुपमा लागू हुने गरी व्यवस्था गर्न आवश्यक भएकोले।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
		कुनै धितो दिने व्यक्तिलाई सूचनामा समावेश गरेमा सो संशोधन मान्य हुनेछ। धितोको लाभका सम्बन्धमा सम्झौतामा स्पष्टरुपमा उल्लेख भएको वा नभएको जेसुकै भए तापनि त्यस्तो सम्झौता गरिसकेपछि सो सम्झौतामा उल्लिखित धितोको सम्पत्ति तथा सोबाट प्राप्त लाभलाई समेट्ने गरी संशोधन दर्ता गर्न पाउने गरी धितो दिने व्यक्तिले अख्तियारी दिएको मानिनेछ।	संशोधनबाट असर पर्ने धितो दिने व्यक्तिले अख्तियारी दिएको भएमा मात्र मान्य हुनेछ।"	सूचना सम्बन्धी व्यवस्थामा थप स्पष्टता गर्न आवश्यक भएकोले।
२८.	दफा १२ को उपदफा (२) पछि उपदफा (२क) थपिएको	नभएको।	"(२क) धितोको लाभका सम्बन्धमा सम्झौता गरिसकेपछि सो सम्झौतामा उल्लिखित धितोको सम्पत्ति तथा सोबाट प्राप्त लाभलाई समेट्ने गरी संशोधन दर्ता गर्न पाउने गरी धितो दिने व्यक्तिले अख्तियारी दिएको मानिनेछ।"	अन्य दफाहरुसँग मिलाउन साथै धितो लिने व्यक्तिलाई समान व्यवहार गर्न आवश्यक भएकोले।
२९.	दफा १२ को उपदफा	(३) सूचनामा एकभन्दा बढी व्यक्तिको नाम धितो लिने व्यक्तिको रुपमा जनिएको भएमा त्यस्तो	झिकिएको।	अन्य दफाहरुसँग मिलाउन साथै धितो लिने व्यक्तिलाई समान व्यवहार गर्न

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
	(३), (४) र (५) झिकिएको	प्रत्येक व्यक्तिले संशोधन दर्ता गर्न कसैलाई अख्तियारी दिन सक्नेछ। (४) सूचनामा एकभन्दा बढी धितो लिने व्यक्तिको नाम उल्लेख भएकोमा कुनै एक धितो लिने व्यक्तिले हस्ताक्षरित अभिलेखद्वारा दर्ता गर्न अख्तियारी दिएमा संशोधन मान्य हुनेछ। (५) सूचनामा उल्लिखित धितो लिने एउटा व्यक्तिले अख्तियारी दिएको संशोधनले सूचनामा उल्लिखित धितो लिने अर्को व्यक्तिको अधिकारमा कुनै असर पार्ने छैन।		आवश्यक भएकोले।
३०.	दफा १२ को उपदफा (६) र (७) मा संशोधन	(६) धितोको सम्पत्ति थप गर्ने संशोधन दर्ता गरिएको **मितिदेखि** मात्र थप गरिएको धितोको सम्पत्तिको हकमा सो संशोधन मान्य हुनेछ। (७) धितो दिने व्यक्ति थप गर्नका लागि संशोधन दर्ता गरिएको भए सो संशोधन दर्ता गरिएको **मितिदेखि** मात्र थप गरिएको धितो दिने व्यक्तिको हकमा सो संशोधन मान्य हुनेछ।	(६) धितोको सम्पत्ति थप गर्ने संशोधन दर्ता गरिएको **मिति र समयदेखि** मात्र थप गरिएको धितोको सम्पत्तिको हकमा सो संशोधन मान्य हुनेछ। (७) धितो दिने व्यक्ति थप गर्नका लागि संशोधन दर्ता गरिएको भए सो संशोधन दर्ता गरिएको **मिति र समयदेखि** मात्र थप गरिएको धितो दिने	दफा ७ को उपदफा (५) सँग समन्वय गर्न आवश्यक भएकोले।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
			व्यक्तिको हकमा सो संशोधन मान्य हुनेछ।	
३१.	दफा १२ को उपदफा (८) मा संशोधन	(८) धितोको सम्पत्ति वा धितो दिने व्यक्ति थप गर्ने संशोधन बाहेकको अन्य संशोधनको सूचनामा उल्लिखित धितो लिने व्यक्तिले त्यस्तो संशोधन दर्ता गर्न अख्तियारी दिएमा मात्र सो संशोधन मान्य हुनेछ।	"(८) उपदफा (७) बमोजिमको संशोधन बाहेकको अन्य संशोधनको सूचनामा उल्लिखित प्रत्येक धितो दिने व्यक्तिले त्यस्तो संशोधन दर्ता गर्न अख्तियारी दिएको अवस्थामा मात्र निजको हकमा सो संशोधन मान्य हुनेछ।"	धितो दिने व्यक्तिले गरेको संशोधन सम्बन्धी व्यवस्थालाई स्पष्टता पार्न आवश्यक भएकोले।
३२.	दफा १२ को उपदफा (९) मा संशोधन	(९) सूचनामा उल्लिखित धितो लिने सबै व्यक्तिहरुलाई सो सूचनाबाट बाहेक गर्ने वा त्यसरी बाहेक गरिएका धितो लिने व्यक्तिहरुको सट्टा नयाँ धितो लिने व्यक्तिको नाम सूचनामा उल्लेख नगर्ने वा त्यस्तो सूचनामा उल्लिखित धितो दिने सबै व्यक्तिहरुको नाम हटाउने वा त्यसरी हटाइएका धितो दिने व्यक्तिको सट्टा नयाँ धितो दिने व्यक्तिको नाम **सूचनामा उल्लेख नगर्ने संशोधन** अमान्य हुनेछ।	(९) सूचनामा उल्लिखित धितो लिने सबै व्यक्तिहरुलाई सो सूचनाबाट बाहेक गर्ने वा त्यसरी बाहेक गरिएका धितो लिने व्यक्तिहरुको सट्टा नयाँ धितो लिने व्यक्तिको नाम सूचनामा उल्लेख नगर्ने वा त्यस्तो सूचनामा उल्लिखित धितो दिने सबै व्यक्तिहरुको नाम हटाउने वा त्यसरी हटाइएका धितो दिने व्यक्तिको सट्टा नयाँ धितो दिने व्यक्तिको नाम	सूचना सम्बन्धी व्यवस्थामा थप परिमार्जन गर्न आवश्यक भएकोले।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
			सूचनामा उल्लेख नगर्ने गरी भएको संशोधन अमान्य हुनेछ।	
३३.	दफा १३ को उपदफा (१) र (२) मा संशोधन	(१) देहायका विवरण उल्लेख गरी दर्ता भएको निरन्तरताको विवरणले सूचनाको बहाली अवधि विस्तार गर्न सक्नेछः- (क) दर्ता नम्बरबाट प्रारम्भिक सूचनाको पहिचान हुने विवरण, (ख) निरन्तरताको अख्तियारी दिने सूचनामा उल्लिखित धितो लिने व्यक्तिको पहिचान हुने विवरण, (ग) सूचना दर्ता गर्न अख्तियारी दिने धितो लिने व्यक्तिको सम्बन्धमा निरन्तरताको विवरण दर्ता गरी सूचनाको प्रभावकारिता निरन्तर हुने विवरण। (२) सूचना बहाल रहने पाँच वर्षको अवधि व्यतित हुनुभन्दा छ महिनाअगावै यस ऐन बमोजिम निरन्तरताको विवरण दर्ता गर्न सकिनेछ।	"(१) दर्ता नम्बरबाट प्रारम्भिक सूचनाको पहिचान हुने विवरण उल्लेख गरी दर्ता भएको निरन्तरताको विवरणले सूचनाको बहाली अवधि विस्तार गर्न सक्नेछ। (२) सूचनाको अवधि समाप्त हुनुभन्दा छ महिना अगावै यस ऐन बमोजिम सूचना बहाल रहने अवधि थप गर्न निरन्तरताको विवरण दर्ता गर्न सकिनेछ।"	अन्य दफाहरुसँग समन्वय कायम गर्न आवश्यक भएकोले। सूचनाको अवधि सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले।
३४.	दफा १३ को उपदफा (४)	(४) सूचनामा उल्लिखित धितो लिने व्यक्ति एकभन्दा बढी भएको अवस्थामा जसले	झिकिएको।	सूचना सम्बन्धी अनावश्यक कुराहरु हटाउन आवश्यक भएकोले।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
	र (५) झिकिएका	निरन्तरताको विवरण दर्ता गर्न अख्तियारी दिएको छ त्यस्तो धितो लिने व्यक्तिका हकमा मात्र उपदफा (३) मा उल्लेख भए बमोजिमको अवधिसम्म सूचना बहाल रहनेछ। (५) उपदफा (३) बमोजिम सूचना बहाल रहने अवधि समाप्त हुनुभन्दा अगावै धितो लिने व्यक्तिको अख्तियारी बमोजिम अर्को निरन्तरताको विवरण दर्ता नगरिएमा धितो लिने त्यस्तो व्यक्तिका हकमा सूचनाको बहाली अवधि समाप्त हुनेछ। सूचनाको बहाली अवधिलाई निरन्तरता दिन जुन तरिकाबाट सूचना दर्ता गर्नु पर्ने हो सोही तरिकाबाट पछिल्लो निरन्तरताको विवरण दर्ता गर्नु पर्नेछ ।		
३५.	दफा १४ को उपदफा (१) को खण्ड (ख) झिकिएको	(ख) समाप्तिको अख्तियारी दिने सूचनामा उल्लिखित धितो लिने व्यक्तिको पहिचान गरिएको,	झिकिएको।	यस सम्बन्धी व्यवस्था अन्य दफामा मिलाइएकोले।
३६.	दफा १४ को	(ग) सूचनामा समाविष्ट बिक्री गरिसकेको	(ग) सूचनामा समाविष्ट बिक्री	प्रचलित सुरक्षित कारोबार सम्बन्धी

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
	उपदफा (२) को खण्ड (ग) मा संशोधन	बहीखाता वा सुरक्षित बिक्री करारका सम्बन्धमा रकम भुक्तानी गर्नु पर्ने दायित्व भएको व्यक्ति वा त्यस्तो दायित्व पूरा गर्नु पर्ने अन्य व्यक्तिले त्यस्तो **दायित्व पूरा गरिसकेको।**	गरिसकेको बहीखाता वा सुरक्षित बिक्री करारका सम्बन्धमा रकम भुक्तानी गर्नु पर्ने दायित्व भएको व्यक्ति वा त्यस्तो दायित्व पूरा गर्नु पर्ने अन्य व्यक्तिले त्यस्तो **दायित्व पूरा गरिसकेको र थप बहीखाता बिक्री सम्बन्धी कुनै प्रतिबद्धता बाँकी नरहेको ।**	अभ्यास बमोजिम धितो दिनेले भविष्यमा पनि धितो लिनेलाई खाता बेच्न सक्ने विषयलाई आत्मसात गर्ने भएकोले।
३७.	दफा १४ को उपदफा (३) मा संशोधन	(३) सूचनामा उल्लिखित धितो लिने व्यक्तिको अख्तियारी बमोजिम समाप्तिको विवरण दर्ता भएमा त्यस्तो धितो लिने व्यक्तिको हक समाप्त हुनेछ। समाप्तिको विवरण दर्ता भएमा सो समाप्तिको विवरणसँग सम्बन्धित सूचना त्यस्तो अख्तियारी दिने धितो लिने व्यक्तिका हकमा प्रभावकारी हुने छैन।	"(३) समाप्तिको विवरणको दर्ता त्यस्तो विवरणको जानकारी दर्ता अभिलेखमा राखिएको मिति र समयपछि मान्य हुनेछ।"	हालको उपदफा (३) लाई दफा १२ को उपदफा (१) को खण्ड (ख) को सम्बन्धमा प्रस्तावित परिमार्जनसंग एकरुपता कायम गर्नका लागि हटाइएको। साथै, दफा ७ को उपदफा (५) को प्रावधानसँग एकरुपता कायम गर्न आवश्यक भएकोले नयाँ उपदफा (३) को व्यवस्था राखिएको।
३८.	दफा १५ मा संशोधन	**१५.** **<u>सूचनाको प्रभावकारिताः</u>** (१) प्रारम्भिक सूचना, संशोधन, निरन्तरताको विवरण वा समाप्तिको	१५. **<u>सूचनाको प्रभावकारिता</u>**ः (१) रजिष्ट्रारले देहायको अवस्था भएमा दर्ता	कागजमा आधारित दर्ता प्रणाली (paper based filing system) को

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
		विवरण दर्ता गर्नको लागि लाग्ने दस्तूर सहित दर्ता कार्यालयमा पेश भएमा वा दर्ता कार्यालयले दर्ताको लागि त्यस्तो अभिलेख स्वीकार गरेमा त्यस्तो सूचना वा विवरण दर्ता कार्यालयमा दर्ता भएको मानिनेछ। (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम दर्ता कार्यालयमा दर्ताको लागि पेश भएको अभिलेख देहायको अवस्थामा दर्ता कार्यालयले दर्ता गर्न इन्कार गरेमा त्यस्तो अभिलेख दर्ता भएको मानिने छैनः— (क) यस ऐन बमोजिम दर्ताको लागि लाग्ने दस्तूर अभिलेखसाथ संलग्न नभएमा, (ख) प्रारम्भिक सूचनाको सम्बन्धमा ऋणीको नाम उल्लेख नभएमा, (ग) संशोधनको सूचनाको विवरणमा प्रारम्भिक सूचनाको दर्ता नम्बर उल्लेख नगरेमा, ऋणीको नाम उल्लेख नगरेमा वा संशोधनसँग सम्बन्धित सूचनाको म्याद समाप्त भइसकेको	अभिलेखमा दर्ता गर्न खोजिएको कुनै सूचना दर्ता गर्नु पर्नेछः- (क) दर्ताका लागि कुनै शुल्क बुझाउनु पर्ने भएमा सोको भुक्तानी गरेको वा दफा १९ को उपदफा (४) बमोजिम भुक्तानीको प्रक्रिया अवलम्बन गरेको, (ख) दर्ताका लागि यस ऐन बमोजिम प्रविष्ट गर्नु पर्ने प्रत्येक सूचना दर्ता अभिलेखमा प्रविष्ट गरेको, वा (ग) दर्ता कार्यालयले तोकेका अन्य सूचना दर्ता अभिलेखमा प्रविष्ट गरेको। (२) उपदफा (१) बमोजिम दर्ता गर्न खोजिएको कुनै सूचना दर्ता अभिलेखमा दर्ता हुन नसकेमा सो कुराको जानकारी	सम्बन्धमा व्यवस्था गर्न आवश्यक भएकोले।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
		भएमा, (घ) निरन्तरताको विवरणमा प्रारम्भिक सूचनाको दर्ता नम्बर उल्लेख नभएको वा त्यस्तो निरन्तरताको विवरण दफा १३ को उपदफा (२) बमोजिम छ महिनाको अवधिभित्र पेश नगरिएमा, र (ङ) समाप्तिको विवरणमा प्रारम्भिक सूचनाको दर्ता नम्बर उल्लेख नगरिएको भएमा। (३) उपदफा (२) मा उल्लिखित अवस्थामा बाहेक कार्यालयले आफू समक्ष दर्ताको लागि पेश भएको प्रारम्भिक सूचना, संशोधनको सूचना, निरन्तरताको विवरण वा समाप्तिको विवरण दर्ता गर्न इन्कार गरे तापनि त्यस्तो अभिलेख दर्ता भएसरह मानिनेछ। तर धितोको सम्पत्ति प्राप्त गर्ने व्यक्तिले त्यस्तो सूचना दर्ता नभएको भन्ने मुनासिब माफिकको विश्वासमा परी मूल्य बुझाएको अवस्थामा निजको हकमा यो व्यबस्था लागू हुनेछैन।	सूचना दर्ता गर्न खोज्ने व्यक्तिलाई विद्युतीय माध्यमबाट तत्काल दिने व्यवस्था गर्नु पर्नेछ। (३) यस ऐन बमोजिम दर्ता गरेको सूचनाको हदसम्म मात्र त्यसरी दर्ता गरिएको सूचना प्रभावकारी हुनेछ। (४) दर्ता अभिलेखमा सूचना दर्ता भएपछि धितो लिने व्यक्ति भनी सूचनामा पहिचान गरिएको व्यक्तिलाई देहायका विवरण खुलाई सोको जानकारी तत्काल पठाउने व्यवस्था गर्नु पर्नेछः- (क) सूचनाको विवरण, (ख) दर्ता अभिलेखमा सूचना दर्ता भएको मिति र समय, (ग) प्रारम्भिक सूचनाको हकमा सूचनाको दर्ता नम्बर।"	

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
		(४) दर्ता कार्यालयले कुनै अभिलेख दर्ता गर्न इन्कार गरेमा सोको कारण सहितको सूचना सम्बन्धित व्यक्तिलाई यथाशिघ्र दिनु पर्नेछ। (५) यस ऐन बमोजिम दर्ता गर्न अख्तियारी पाएको व्यक्तिले दर्ता गरेको सूचनाको हदसम्म मात्र त्यसरी दर्ता गरिएको सूचना प्रभावकारी हुनेछ। (६) सूचनामा उल्लिखित धितो लिने व्यक्तिले अख्तियारी दिएको सूचनाले सो सूचनामा उल्लिखित धितो लिने अर्को व्यक्तिको अधिकारमा प्रभाव पार्ने छैन। (७) दर्ता कार्यालयले कुनै अभिलेखको सूची दुरुस्त नराखेको कारणले सो अभिलेखको प्रभावकारितामा असर पर्ने छैन।		
३९.	दफा १७ को उपदफा (१) र खण्ड (ग) मा संशोधन	१७. **दर्ता कार्यालयको दायित्वः** (१) दर्ता कार्यालयले **आफू समक्ष** दर्ता भएको प्रत्येक सूचनाका सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछः- (ग) प्रत्येक अभिलेख सार्वजनिक निरीक्षणका	१७. **दर्ता कार्यालयको दायित्वः** (१) दर्ता कार्यालयले **दर्ता अभिलेखमा** दर्ता भएको प्रत्येक सूचनाका सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछः- "(ग) दर्ता अभिलेखको सूचना	इलेक्ट्रोनिक दर्ताको सट्टा कागजमा आधारित दर्ताको लागि व्यवस्था गरिएकोले सोको खोजी अनलाइन मार्फत गर्न सकिने भएकोले।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
		लागि खुला राख्नु पर्ने।	खोजी गर्नेको लागि पहुँचयोग्य बनाउने।"	
४०.	दफा १७ को उपदफा (२) (३) (४) (५ मा संशोधन	(२) **दर्ता कार्यालयले** प्रारम्भिक सूचनालाई धितो दिने व्यक्तिको नामबाट दर्ता गरी राख्नु पर्नेछ। (३) **दर्ता कार्यालयले** प्रारम्भिक सूचना तथा सोसँग सम्बन्धित सबै अभिलेखहरुलाई एक आपसमा आबद्ध हुने किसिमबाट दर्ता गरी राख्नु पर्नेछ। (४) **दर्ता कार्यालयले** क्रमसंख्या अङ्कित सवारी साधनको क्रमसंख्या उल्लिखित सूचनाको सम्बन्धमा क्रमसंख्या अङ्कित सूची खडा गरी राख्नु पर्नेछ। (५) **दर्ता कार्यालयले** म्याद व्यतित भएको सूचनाहरुको अभिलेख म्याद व्यतित भएको मितिले दश वर्षसम्म सुरक्षित राख्नु पर्नेछ।	(२) दर्ता कार्यालयले **दर्ता अभिलेखमा** प्रारम्भिक सूचनालाई धितो दिने व्यक्तिको नामबाट दर्ता गरी राख्नु पर्नेछ। (३) दर्ता कार्यालयले **दर्ता अभिलेखमा** प्रारम्भिक सूचना तथा सोसँग सम्बन्धित सबै अभिलेखहरुलाई एक आपसमा आबद्ध हुने किसिमबाट दर्ता गरी राख्नु पर्नेछ। (४) दर्ता कार्यालयले **दर्ता अभिलेखमा** क्रमसंख्या अङ्कित सवारी साधनको क्रमसंख्या उल्लिखित सूचनाको सम्बन्धमा क्रमसंख्या अङ्कित सूची खडा गरी राख्नु पर्नेछ। (५) दर्ता कार्यालयले **दर्ता अभिलेखमा** म्याद व्यतित भएको सूचनाहरुको	दर्ता अभिलेख सम्बन्धी व्यवस्थालाई बढी स्पष्टता गर्न आवश्यक भएकोले।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
			अभिलेख म्याद व्यतित भएको मितिले दश वर्षसम्म सुरक्षित राख्नु पर्नेछ।	
४१.	दफा १७ को उपदफा (६) मा संशोधन	(६) दर्ता कार्यालयको दायित्व केवल प्रशासनिक हुनेछ । सूचना दर्ता गर्दा वा सूचना दर्ता गर्न इन्कार गर्दा दर्ता कार्यालयले त्यस्तो सूचना पर्याप्त भएको वा अपर्याप्त भएको वा सूचनामा उल्लिखित जानकारी यथार्थ वा अयथार्थ भएको भन्ने कुनै कुराको निर्धारण गर्ने छैन।	"(६) रजिष्ट्रारले दफा १५ को उपदफा (१) बमोजिम भएमा दर्ता गर्न खोजिएको सूचना दर्ता अभिलेखले स्वीकार गर्ने र यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक दर्ता गरिएको कुनै सूचना संशोधन नहुने वा दर्ता अभिलेखबाट नहटाइने व्यवस्था गर्नु पर्नेछ।"	रजिष्ट्रारको अधिकारसँग सम्बद्ध अधिकारलाई बढी स्पष्टता गर्न आवश्यक भएकोले।
४२.	दफा १८ मा संशोधन	१८. **<u>दर्ता कार्यालयबाट जानकारी प्राप्त गर्न सकिनेः</u>** (१) दर्ता कार्यालयले आफूसँग कुनै जानकारीको लागि अनुरोध गर्ने कुनै पनि व्यक्तिलाई देहाय बमोजिम जानकारी उपलब्ध गराउनु पर्नेछः- (क) धितो दिने कुनै खास व्यक्तिको नाम उल्लेख गरेको र सबै धितो लिने व्यक्तिहरुको हकमा बहाल रहेको सूचना दर्ता कार्यालयले	"१८. **<u>दर्ता अभिलेखबाट सूचना प्राप्त गर्न सकिनेः</u>** (१) सूचना खोजी गर्ने व्यक्तिले दर्ता अभिलेखको सूचना देहाय बमोजिम प्राप्त गर्न सक्नेछः- (क) धितो दिने व्यक्तिको पहिचानबाट, (ख) क्रमसङ्ख्या अङ्कित सवारी साधनको क्रमसङ्ख्याबाट,	दर्ता अभिलेख सम्बन्धी व्यवस्थालाई बढी स्पष्टता गर्न आवश्यक भएकोले।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
		तोकेको मिति र समयमा दर्ता भएको वा नभएको कुरा, (ख) प्रत्येक सूचनाको दर्ता नम्बर र सो सूचना दर्ता भएको मिति र समय, (ग) प्रत्येक सूचनामा उल्लिखित धितो लिने र धितो दिने व्यक्तिको नाम र ठेगाना, (घ) प्रत्येक सूचना वा संशोधनको सूचनामा उल्लिखित धितोको सम्पत्तिको विवरण, र (ङ) प्रत्येक प्रारम्भिक सूचनासँग सम्बन्धित प्रत्येक अभिलेखको दर्ता नम्बर र सो दर्ता भएको मिति, समय र सो अभिलेख संशोधन, निरन्तरताको विवरण, सच्याउने विवरण वा समाप्तिको विवरण के हो भनी पहिचान गर्ने कुरा। (२) देहायको कुनै पनि कुरा खुलाई अभिलेखको खोजी गर्न दर्ता कार्यालयमा अनुरोध गर्न सकिनेछः- (क) प्रारम्भिक सूचनाको दर्ता नम्बर, (ख) क्रमसंख्या अङ्कित सवारी साधनको	(ग) प्रारम्भिक सूचनाको दर्ता नम्बरबाट। (२) यस दफा बमोजिमको सूचनाको जानकारी प्राप्त गर्न तोकिए बमोजिमको शुल्क लाग्नेछ। (३) दर्ता कार्यालयले कुनै पनि माध्यमबाट सूचना वा जानकारी संप्रेषण गर्न सक्नेछ। (४) सूचनाको प्राप्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"	

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
		क्रमसंख्या, (ग) धितो दिने व्यक्ति नेपाली नागरिक भए निजको नागरिकता प्रमाणपत्रको नम्बर, वा (घ) धितो दिने व्यक्ति गैर नेपाली नागरिक भए निजको नाम तथा राहदानी नम्बर। (३) दर्ता कार्यालयले आफ्नो कर्तव्यको पालना गर्दा कुनैपनि माध्यमबाट सूचना वा जानकारी सम्पेषण गर्न सक्नेछ।		
४३.	दफा १९ को उपदफा (१) र (२) मा संशोधन	(१) प्रारम्भिक सूचना, संशोधनको सूचना, निरन्तरताको विवरण, समाप्तिको विवरण, सच्याउने विवरणको दर्ताको लागि वा अभिलेख खोजीका लागि पाँच सय रुपैयाँ शुल्क लाग्नेछ। (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि **दर्ता कार्यालयले उपलब्ध गराएको** विद्युतीय प्रविधिको उपयोग गरी अभिलेख खोजी गरेबापत कुनै पनि शुल्क लाग्ने छैन।	"(१) प्रारम्भिक सूचना, संशोधनको सूचना, निरन्तरताको विवरण वा समाप्तिको विवरण दर्ताको लागि तोकिए बमोजिमको शुल्क लाग्नेछ।" (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्युतीय प्रविधिको उपयोग गरी अभिलेख खोजी गरेबापत कुनै पनि शुल्क लाग्ने छैन।	प्रत्यायोजित व्यवस्था अन्तर्गत व्यवस्था गर्न उपयुक्त भएकोले। विद्युतीय व्यवस्थामा आधारित दर्ता प्रणालीमा, भौतिक रुपमा नभई

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
				सूचनालाई दर्ता अभिलेखमा राखिने र यस दफाको हालको व्यवस्था एक इलेक्ट्रोनिक दर्तामा आधारित दर्ताको डिजाइनमा खोजी अनलाइन मार्फत गर्ने गरी व्यवस्था गरिएकोले।
४४.	दफा २१ को उपदफा (१) मा संशोधन	(१) दफा २० बमोजिम सृजना भएको **धितोको हकले** एक वा एकभन्दा बढी सामान्य वा विशेष रुपमा उल्लेख गरिएका दायित्वहरु सुरक्षित गर्न सक्नेछ।	(१) दफा २० बमोजिम सृजना भएको धितोको हकले **धितो सम्बन्धी सम्झौतामा उल्लिखित अधिकतम रकम र** एक वा एकभन्दा बढी सामान्य वा विशेष रुपमा उल्लेख गरिएका दायित्वहरु सुरक्षित गर्न सक्नेछ।	अधिकतम रकम उल्लेख गरिएको हदसम्म धितो सम्झौताले धितोको दायित्वको वर्णन गर्न आवश्यक नपर्ने भएकोले।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
४५.	दफा २२ मा संशोधन	२२. <u>**धितोको सम्पत्तिको विवरणः**</u> कुनै धितोको सम्पत्तिको विवरणले जुन कुराको विवरण दिन खोजेको हो सो को मनासिब रुपले पहिचान हुने गरी विवरण दिएमा त्यस्तो विवरणलाई पर्याप्त मानिनेछ। क्रमसंख्या अङ्कित सवारी साधनको हकमा यस ऐनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक धितोको सम्पत्तिको विवरण साधारण ढङ्गले पनि व्यक्त गर्न सकिनेछ।	"२२. <u>**धितोको सम्पत्तिको विवरण**</u>: दफा ७ को उपदफा (१) को खण्ड (ग) बमोजिम पहिचान हुने गरी उपभोग्य वस्तु बाहेक अन्य कुनै धितोको सम्पत्तिको विवरण दिएमा त्यस्तो विवरणलाई पर्याप्त मानिनेछ। तर उपभोग्य वस्तुको धितो सम्बन्धी सम्झौताको हकमा त्यस्तो वस्तुको मूल विवरण अनिवार्य रुपमा उल्लेख गरेको हुनु पर्नेछ।"	सुरक्षित पक्षलाई प्रारम्भिक सूचनामा भएकै धितोको विवरण प्रयोग गर्न अनुमति दिने व्यवस्थामा प्रष्ट पार्न आवश्यक भएकोले।
४६.	दफा २६ को उपदफा (२) मा संशोधन	(२) यस दफामा अन्यथा व्यवस्था गरिएकोमा बाहेक धितोको हक परिपक्व गराउनको लागि **दर्ता कार्यालयमा** सूचना दर्ता गराउनु पर्नेछ।	(२) यस दफामा अन्यथा व्यवस्था गरिएकोमा बाहेक धितोको हक परिपक्व गराउनको लागि **दर्ता अभिलेखमा** सूचना दर्ता गराउनु पर्नेछ।	विद्युतीय व्यवस्थामा आधारित दर्ता प्रणालीमा, भौतिक रुपमा नभई सूचनालाई दर्ता अभिलेखमा राखिने भएकोले।
४७.	दफा २६ को उपदफा (४)	(४) मालसामान, अधिकारपत्र, लिखत वा सुरक्षित बिक्री करारमाथि रहेको धितोको हक धितो लिने	"(४) मालसामान, अधिकारपत्र, लिखत वा मुद्रामाथि रहेको धितोको हक धितो	बिक्री सम्झौताको प्रयोगलाई हटाई परिपक्व हुने मुद्रामा धितोको हक

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
	मा संशोधन	व्यक्तिले त्यस्तो धितो आफ्नो कब्जामा लिएपछि मात्र परिपक्व हुनेछ। यसका लागि दर्ता गराइरहनु पर्नेछैन। त्यस्ता मालसामान, अधिकारपत्र, लिखत वा सुरक्षित बिक्री करार कब्जामा लिएको बखतदेखि नै त्यसमाथि रहेको धितोको हक परिपक्व हुनेछ र सो कब्जा कायम रहेसम्म सो हक कायम रहनेछ। यस उपदफा बमोजिम कब्जामा लिई परिपक्व गराइएको मालसामान, अधिकारपत्र, लिखत वा सुरक्षित बिक्री करारमाथिको धितोको हक धितो लिने व्यक्तिले कब्जाको अवधिभन्दा अगाडि, कब्जाको अविधिभित्र वा कब्जाको अवधि पछि पनि सूचना दर्ता गरेर परिपक्व गराउन सक्नेछ।	लिने व्यक्तिले त्यस्तो धितो आफ्नो कब्जामा लिएर पनि परिपक्व हुन सक्नेछ। सोको लागि सूचना दर्ता गराई राख्नु पर्ने छैन। त्यस्तो मालसामान, अधिकारपत्र, लिखत वा मुद्रा कब्जामा लिएका बखतदेखि नै त्यसमाथि रहेको धितोको हक परिपक्व हुनेछ र सो कब्जा कायम रहेसम्म हक कायम रहनेछ।"	कायम गर्न आवश्यक भएकोले।
४८.	दफा २६ को उपदफा (५) (६) र (७) झिकिएको	(५) नगद लाभबाहेक धितो लिने व्यक्तिले रकम कब्जामा लिएपछि मात्र त्यस्तो रकममाथि रहेको धितोको हक परिपक्व हुन सक्नेछ । (६) क्रमसंख्या अङ्कित सवारी साधनमा रहेको धितोको हक सो सवारी साधनको साधारण विवरण	झिकिएको।	अनावश्यक रुपमा प्रतिबन्ध लगाउने भएकोले यस सम्बन्धी व्यवस्थालाई हटाईएको।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
		दिएर वा सोको क्रमसंख्या उल्लेख गरी सूचना दर्ता गरेपछि मात्र परिपक्व हुन सक्नेछ । (७) लाभमाथि रहेको धितोको हक परिपक्व गराउन सूचना दर्ता गराउन आवश्यक हुने छैन।		
४९.	दफा २६ को उपदफा (८) मा संशोधन	(८) नासोमा लिने व्यक्तिको जिम्मामा मालसामान रहेका बखत निजले सो मालसामानलाई समेट्ने गरी लिखत जारी गरेको रहेछ भने त्यस्तो लिखतउपर धितोको हक परिपक्व गराएपछि मात्र त्यस्तो मालसामानमाथि रहेको धितोको हकलाई परिपक्वता प्रदान गर्न सकिनेछ । नासो लिने व्यक्तिको जिम्मामा मालसामान रहेका बखत सूचना दर्ता गराई त्यस्ता मालसामानमा धितोको हक परिपक्व गराइएको भए त्यस्तो धितोको हक लिखतमा परिपक्व गराएको धितोको हकसँग सम्बन्धित हुनेछ।	"(८) नासोमा लिने व्यक्तिको जिम्मामा मालसामान रहेका बखत निजले सो मालसामानलाई समेट्ने गरी लिखत जारी गरेको रहेछ भने त्यस्तो लिखत उपर धितोको हक परिपक्व गराएर पनि त्यस्तो मालसामानमाथि रहेको धितोको हकलाई परिपक्वता प्रदान गर्न सकिनेछ।"	यस दफा सम्बन्धी व्यवस्थालाई थप प्रष्ट पार्न आवश्यक भएकोले।
५०.	दफा २६ को उपदफा	(९) धितोको सम्पत्तिउपर रहेको धितोको हकको परिपक्वताले धितोको सुरक्षार्थ दिएको जमानत	(९) धितोको सम्पत्तिउपर रहेको धितोको हकको परिपक्वताले धितोको	संशोधनले धितोको हकलाई कागजातमा परिपक्व पारी वा बस्तुमा

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
	(९) मा संशोधन	उपर रहेको **धितोको हकसमेतलाई** परिपक्व बनाउनेछ। जमानतउपर रहेको धितोको हक परिपक्व गराउन सूचना दर्ता गराउन आवश्यक हुने छैन।	सुरक्षार्थ दिएको जमानत उपर रहेको **धितोको हक लिखतमा** परिपक्व बनाउनेछ। जमानतउपर रहेको धितोको हक परिपक्व गराउन सूचना दर्ता गराउन आवश्यक हुने छैन।	नै प्रत्यक्ष रुपले परिपक्व गराउन अनुमति दिने भएकोले।
५१.	दफा २६ को उपदफा (१०) मा संशोधन	(१०) भुक्तानीको अधिकार वा परिपालन उपर रहेको धितोको हकको परिपक्वताले भुक्तानीको अधिकारलाई सुरक्षित गर्ने अचल सम्पत्तिको बन्धकी उपरको धितोको हकलाई समेत परिपक्व बनाउनेछ।	"(१०) कुनै बहीखाता, अधिकारपत्र वा अन्य भुक्तानीको अधिकारमा धितोको हक रहेको धितो लिने व्यक्तिसँग हस्तान्तरणको प्रक्रिया बिना नै त्यस्तो भुक्तानीलाई सुरक्षित गर्ने वा समर्थन गर्ने व्यक्तिगत वा साम्पत्तिक अधिकारको सुविधा हुनेछ। त्यसरी सुविधा हस्तान्तरण हुने भएमा धितो प्रदान गरिएको व्यक्तिलाई प्रचलित कानून बमोजिम हस्तान्तरण गर्नु धितो दिने व्यक्तिको कर्तव्य हुनेछ।"	हस्तान्तरणको कुनै नयाँ प्रक्रिया बिना नै धितोको हक रहेको धितो लिने व्यक्तिसँग त्यस्तो भुक्तानीलाई सुरक्षित गर्ने वा समर्थन गर्ने व्यक्तिगत वा सम्पत्तिक अधिकारको सुविधा हुनेछ भन्ने उल्लेख गरेकोले।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
५२.	दफा २७ को उपदफा (२) मा संशोधन	(२) धितो लिने व्यक्तिले परिपक्व बनाइएको धितोको हक हस्तान्तरण गरेमा धितो दिने व्यक्तिका साहूहरुको हक विरुद्ध, धितो दिने व्यक्तिबाट हस्तान्तरण गरी लिने व्यक्तिको हक विरुद्ध तथा लियन होल्डरका विरुद्ध त्यस्तो धितोको हकको परिपक्वतालाई निरन्तरता दिनको लागि यस ऐन अन्तर्गत सूचना दर्ता गराई राखु पर्ने छैन।	"(२) धितो लिने व्यक्तिले परिपक्व बनाइएको धितोको हक हस्तान्तरण गरेमा त्यस्तो धितो लिने व्यक्तिबाट हस्तान्तरण गरी लिने व्यक्तिले त्यस्तो धितोको हकको परिपक्वतालाई निरन्तरता दिनको लागि यस ऐन बमोजिम सूचना दर्ता गराई राख्नु पर्ने छैन।"	दफा २७ को उपदफा (१) मा रहेको व्यवस्थालाई सुनिश्चितता गर्न आवश्यक भएकोले।
५३.	दफा २८ मा संशोधन	२८. **<u>एउटै धितोको सम्पत्तिमा रहेका धितोको हकको प्राथमिकता:</u>** (१) यस ऐनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक एउटै धितोको सम्पत्तिमा एकभन्दा बढी व्यक्तिको धितोको हकको सृजना भएको अवस्थामा सूचना दर्ता भएको र सूचना दर्ता नभएको धितोको हकमध्ये सूचना दर्ता भएको धितोको हकले प्राथमिकता पाउनेछ। सूचना दर्ता भएको धितोको हकमा पनि त्यस्तो धितोको हकले धितोको हकको सूचना दर्ता गराएको समय वा धितोको हक परिपक्व भएको	२८. **<u>एउटै धितोको सम्पत्तिमा रहेको धितोको हकको प्राथमिकता:</u>** (१) यस ऐनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक एउटै धितोको सम्पत्तिमा रहेको प्रतिस्पर्धी धितोको हकको प्राथमिकता देहाय बमोजिम हुनेछः- (क) परिपक्व भएको धितोको हकमध्ये जुन धितोको हकको प्राथमिकताको समय अगाडि छ सोही धितोको	धितोको सम्पत्तिमा रहेको धितोको हकको प्राथमिकतालाई सुनिश्चितता गर्न आवश्यक भएकोले।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
		समय अनुसार प्राथमिकता पाउनेछ। (२) धितोको सम्पत्ति समेट्ने गरी पहिलो सूचना दर्ता गरिएको समय वा धितोको हक पहिलो पटक परिपक्व भएको समयमध्ये जुन अघिल्लो हुन्छ सो धितोको हकले प्राथमिकता पाउनेछ । धितोको हकको प्राथमिकता निर्धारणगर्दा पहिलो पटक सूचना दर्ता भए पछि वा धितोको हक परिपक्व भइसकेपछि त्यस्तो सूचना अप्रभावकारी भएको वा दफा २७ को उपदफा (१) बमोजिम त्यस्तो धितोको हकको परिपक्वताको निरन्तरता अवरुद्ध भएको हुनु हुँदैन। (३) धितोको सम्पत्तिमा पहिले आबद्ध भएको धितोको हकले यस ऐन बमोजिम सूचना प्रभावकारी नभएको वा परिपक्व भई नसकेको धितोको हक उपर प्राथमिकता पाउनेछ। (४) धितोको सम्पत्तिको सम्बन्धमा कायम भएको दर्ता वा परिपक्वताको मिति नै सो धितोको सम्पत्तिबाट प्राप्त लाभको हकमा पनि सोही दर्ता वा	हक, (ख) परिपक्व भएको तथा परिपक्व नभएको धितोको हकमध्ये परिपक्व भएको धितोको हक, र (ग) परिपक्व नभएको धितोको हकमध्ये धितोको सम्पत्तिसँग पहिले आबद्ध हुने धितोको हक। तर परिपक्व नभएको धितोको हक एकै समयमा धितोको सम्पत्तिसँग आबद्ध भएको भए पहिले भएको धितो सम्झौताबाट कायम भएको धितोको हकले प्राथमिकता पाउनेछ। (२) धितोको हक पछिल्लो समयसम्म आबद्ध नभई निरन्तर रुपमा परिपक्व भएको खण्डमा पहिले दर्ताद्वारा	

क.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
		परिपक्वताको मिति कायम भएको मानिनेछ।	परिपक्व भएको धितोको हकमा त्यसरी दर्ता गरेको समय नै प्राथमिकताको समय हुनेछ। (३) निरन्तर रुपमा परिपक्व भएको खण्डमा पहिले कब्जामा लिई परिपक्व भएको धितोको हकमा त्यसरी परिपक्व भएको समय नै प्राथमिकताको समय हुनेछ। (४) कुनै बैङ्कमा रहेको बैङ्क खातामा सो बैङ्कको परिपक्व भएको धितोको हक रहेको भए त्यस्तो धितोको हक सो बैङ्क खातामा रहेको परिपक्व भए वा नभएको अन्य कुनै धितोको हकभन्दा प्राथमिकतामा रहनेछ। (५) धितोको सम्पत्तिको सम्बन्धमा कायम भएको दर्ता वा परिपक्वताको मिति नै सो धितोको सम्पत्तिबाट प्राप्त लाभको हकमा पनि सोही दर्ता वा	

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
			परिपक्वताको मिति कायम भएको मानिनेछ।"	
५४.	दफा २९ मा संशोधन	२९. **<u>लियनहोल्डरको अधिकार उपर धितोको हकको प्राथमिकता:</u>** यस ऐनको अधीनमा रही लियन होल्डरले धितोको हक परिपक्व हुनुअगावै र धितोको सम्पत्ति समट्ने सूचना दर्ता गर्नु अगावै सूचना दर्ता गरेको अवस्थामा बाहेक अन्य अवस्थामा धितोको हकले लियन होल्डरको अधिकार उपर प्राथमिकता पाउनेछ।	"२९. **<u>लियनको अधिकार उपर धितोको हकको प्राथमिकता:</u>** कुनै लियन सम्बन्धी सूचना दर्ता अभिलेखमा दर्ता भएमा त्यस्तो लियन पछिल्लो प्राथमिकताको समय भएको कुनै धितोको हक तथा अन्य कुनै परिपक्व नभएको धितोको हकभन्दा प्राथमिकतामा रहनेछ। परिपक्व गरिएको धितोको हक दर्ता अभिलेखमा कुनै सूचना दर्ता नभएको जुनसुकै लियनभन्दा अघिल्लो प्राथमिकताको क्रममा रहनेछ। तर त्यस्तो लियन अघिल्लो प्राथमिकताको समय भएको कुनै परिपक्व धितोको हकभन्दा पछिल्लो	हालको व्यवस्थाको भाषा अस्पष्ट भई माथि लियनको परिभाषा संशोधन गरिएकाले उक्त संशोधनसँग एकरुपता कायम गर्न आवश्यक भएकोले।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
			प्राथमिकताको क्रममा रहनेछ।"	
५५.	दफा २९क. थप	नभएको	"२९क. **<u>असुरक्षित दाबी उपर धितोको हकको प्राथमिकता</u>**: कुनै परिपक्व भएको धितोको हक कर्मचारी तथा कामदारलाई भुक्तान गर्न बाँकी रकम, बक्यौता कर लगायत नेपाल सरकारलाई भुक्तान गर्न बाँकी रकम जस्ता प्राथमिकतामा पर्ने दाबी लगायत कुनै पनि असुरक्षित दाबीभन्दा प्राथमिकतामा रहनेछ।"	असुरक्षित दाबी उपर धितोको हकको प्राथमिकता सम्बन्धी व्यवस्था नभएको हुँदा सो सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले।
५६.	दफा ३० मा संशोधन	३०. **<u>धितोको सम्पत्ति खरिद गर्दाको असर:</u>** (१) धितोको हक रहेको कुराको जानकारी बिना र सो धितोको हक परिपक्व हुनुअगावै कुनै खरिदकर्ताले सो धितोको सम्पत्ति बापत मूल्य तिरी खरिद गरेको भए त्यस्तो खरिदकर्ताले खरिद गरेको धितोको सम्पत्तिमा रहेको धितोको हकले त्यस्तो खरिदकर्तालाई कुनै असर पार्ने छैन।	"३०. **<u>धितोको सम्पत्ति खरिद गर्दाको असर:</u>** (१) धितोको हक रहेको कुराको जानकारी बिना र त्यस्तो हक परिपक्व हुनुअगावै कुनै खरिदकर्ताले सो धितोको सम्पत्ति बापत मूल्य तिरी खरिद गरेको भए त्यस्तो खरिदकर्ताले त्यस्तो धितोको सम्पत्ति कुनै पनि	धितोको सम्पत्ति खरिद बिक्री सम्बन्धमा पर्ने असर स्पष्ट पार्न आवश्यक भएकोले

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
		तर मूर्त सम्पत्ति उपरको धितोको सम्पत्तिको हक त्यस्तो सम्पत्ति त्यसरी धितो राखेको जानकारी बिना र सो धितोको हक परिपक्व हुनु अगावै खरिदकर्ताले प्राप्त गरिसकेको हुनु पर्नेछ। (२) उपदफा (१) को सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका कुरामा देहाय बमोजिम हुनेछः- (क) नियमित व्यावसायिक कारोबारको सिलसिलामा मालसामान खरिद गर्ने खरिदकर्ताको हकमा त्यस्तो मालसामान उपर रहेको धितोको हक परिपक्व भएको र धितोको हक रहेको जानकारी निजलाई भएको भए तापनि त्यस्तो मालसामानमा रहेको धितोको हकले निजलाई कुनै असर पार्ने छैन, (ख) उपभोग्य वस्तु खरिद गर्ने व्यक्तिले धितो सम्बन्धी हकको जानकारी बिना र उपभोग्य वस्तु समाबेश गर्ने सूचना दर्ता गर्नु अगावै त्यस्ता मालसामान खरिद गरेमा त्यस्तो उपभोग्य वस्तुमा	धितोको हक बिना प्राप्त गर्नेछ। (२) उपदफा (१) को सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका कुरामा देहाय बमोजिम हुनेछः- (क) कुनै व्यक्तिले नियमित व्यावसायिक कारोबारको सिलसिलामा कुनै किसिमको मालसामान बिक्री गर्ने बिक्रेताबाट त्यस्तो मालसामान बिक्री गर्दा धितोको हकको उल्लङ्घन हुन्छ भन्ने कुराको जानकारी बिना त्यस्तो मालसामान खरिद गरेमा त्यस्तो व्यक्तिले धितोको हक बिना नै त्यस्तो मालसामान प्राप्त गरेको मानिनेछ।	

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
		रहेको धितोको हक परिपक्व भए तापनि वा नभए तापनि सो व्यक्तिलाई त्यस्तो उपभोग्य वस्तुमा रहेको धितोको हकले कुनै असर पार्ने छैन, (ग) क्रमसंख्या अङ्कित सवारी साधन खरिद गर्ने व्यक्तिले सो सवारी साधनमा रहेको धितोको हकको ज्ञान बेगर वा दर्ता गरिएको सूचनामा सो सवारी साधनको क्रमसंख्या विवरण उल्लेख नगरेको वा त्यस्तो विवरण गलत ढङ्गले उल्लेख गरेको भएमा त्यस्तो क्रमसंख्या अङ्कित सवारी साधनमा रहेको धितोको हकले निजलाई कुनै असर पार्ने छैन, (घ) कृषिजन्य उत्पादन खरिद गर्ने व्यक्तिको हकमा,– (१) उपभोग्य वस्तुको रुपमा उपभोग गर्न खरिद गरिएको कृषिजन्य उत्पादनमा रहेको धितोको हकले असर पार्ने छैन, (२) उपभोग्य वस्तुको रुपमा उपभोग गर्न	(ख) उपभोग्य वस्तु खरिद गर्ने व्यक्तिले धितो सम्बन्धी हकको जानकारी बिना र उपभोग्य वस्तु समावेश गर्ने सूचना दर्ता गर्नुअगावै त्यस्तो उपभोग्य वस्तु खरिद गरेमा त्यस्तो वस्तुमा रहेको धितोको हक परिपक्व भए वा नभए पनि सो व्यक्तिले त्यस्तो वस्तु धितोको हक बिना नै प्राप्त गर्नेछ। (ग) क्रमसङ्ख्या अङ्कित सवारी साधन खरिद गर्ने व्यक्तिले सो सवारी साधनमा रहेको धितोको हकको जानकारी बिना वा दर्ता गरिएको सूचनामा सो सवारी साधनको क्रमसङ्ख्या विवरण उल्लेख	

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
		खरिद नगरिएको कृषिजन्य उत्पादनको हकमा धितोको हकको जानकारीबिना तथा त्यस्तो हक परिपक्व हुनुअगावै त्यस्तो कृषिजन्य उत्पादन बुझी लिएमा त्यस्तो कृषिजन्य उत्पादनमा कायम रहेको धितोको हकले असर पार्ने छैन।	नगरेको वा गलत ढङ्गले उल्लेख गरेको भएमा त्यस्तो व्यक्तिले त्यस्तो क्रमसङ्ख्या अङ्कित सवारी साधन धितोको हक बिना नै प्राप्त गर्नेछ।"	
५७.	दफा ३१ मा संशोधन	३१. **धितोको सम्पत्ति पट्टामा लिने व्यक्तिः** (१) धितोको हकको जानकारी बिना त्यस्तो धितोको हक परिपक्व हुनु अगावै कुनै मालसामान पट्टामा लिने कुनै व्यक्तिले सो मालसामान पट्टामा लिएकोमा त्यस्तो मालसामानमा रहेको धितोको हकले निजको सो मालसामानमा रहेको पट्टाको हकमा कुनै असर पार्ने छैन। (२) नियमित व्यावसायिक कारोबारको सिलसिलामा मालसामान पट्टामा लिने व्यक्तिलाई त्यस्तो मालसामानउपरको धितोको हक परिपक्व भएको र धितोको हकको जानकारी भए तापनि त्यस्तो मलासामानमा रहेको धितोको हकले	"३१. **इजाजत वा पट्टाको हकमा असर नपार्नेः** (१) कुनै व्यक्तिले धितोको सम्पत्तिमा निहित धितोको हकको जानकारी बिना त्यस्तो धितोको हक परिपक्व हुनुअगावै सो सम्पत्ति इजाजत वा पट्टामा लिएकोमा त्यस्तो धितोको सम्पत्तिमा रहेको धितोको हकले निजको सो धितोको सम्पत्तिमा रहेको इजाजत वा सो उपरको पट्टाको हकमा कुनै असर पार्ने छैन। (२) नियमित व्यावसायिक कारोबारको सिलसिलामा कुनै किसिमको धितोको	धितोको सम्पत्ति इजाजत वा पट्टामा लिने व्यक्तिसँग सम्बन्धी विषयमा स्पष्ट गर्न आवश्यक भएकोले।

क.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
		निजको पट्टाको हकमा कुनै असर पार्ने छैन । (३) क्रमसंख्या अङ्कित सवारी साधन पट्टामा लिने व्यक्तिले सो सवारी साधनमा रहेको धितोको हकको जानकारी बिना वा दर्ता गरिएको सूचनामा सोको क्रमसंख्या विवरण उल्लेख नगरेको वा त्यस्तो विवरण गलत ढङ्गले उल्लेख गरेको भएमा त्यस्तो क्रमसंख्या अङ्कित सवारी साधनमा रहेको धितोको हकले निजको पट्टाको हकमा कुनै असर पार्ने छैन।	सम्पत्तिको इजाजत वा पट्टामा दिने व्यक्तिबाट त्यस्तो धितोको सम्पत्तिको इजाजत वा पट्टा लिँदा धितोको हकको उल्लङ्घन हुन्छ भन्ने कुराको जानकारी बिना कुनै व्यक्तिले त्यस्तो धितोको सम्पत्तिको इजाजत वा सो सम्पत्ति पट्टामा लिएकोमा त्यस्तो धितोको सम्पत्ति उपर धितोको हक परिपक्व भए तापनि धितोको सम्पत्तिमा पाएको इजाजत वा सो सम्पत्तिको पट्टाको हकमा कुनै असर पार्ने छैन। (३) क्रमसङ्ख्या अङ्कित सवारी साधन पट्टामा लिने व्यक्तिले सो सवारी साधनमा रहेको धितोको हकको जानकारी बिना पट्टामा लिएको भएमा वा दर्ता गरिएको सूचनामा सोको क्रमसङ्ख्या विवरण उल्लेख नगरेको वा त्यस्तो विवरण गलत ढङ्गले उल्लेख	

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
			गरेको भएमा त्यस्तो क्रमसङ्ख्या अङ्कित सवारी साधनमा रहेको धितोको हकले निजको पट्टाको हकमा कुनै असर पार्ने छैन।”	
५८.	दफा ३३ को उपदफा (३) मा संशोधन	(३) मूल धितोको सम्पत्तिमा धितोको हक परिपक्व भएकोमा त्यस्तो मूल धितोबाट प्राप्त लाभ उपर पनि धितोको हक कायमै रही रहनेछ । देहायको अवस्थामा बाहेक धितो दिने व्यक्तिले प्राप्त गरेको लाभ सो लाभ प्राप्त गरेको मितिले बीस दिन पछि सो लाभमा रहेको धितोको हक परिपक्व हुने छैनः- (क) दर्ता गरिएको सूचनाले शुरुको धितोको सम्पत्ति समेटेमा र त्यस्तो शुरुको धितोको सम्पत्तिबाट प्राप्त भएको लाभ नगद लाभ भएमा वा शुरुको सूचनामा जुन प्रकृतिको लाभ उल्लेख गरिएको थियो सोही प्रकृतिको लाभ प्राप्त भएमा, वा (ख) बीस दिनको समय अवधि समाप्त हुनु	“(३) मूल धितोको सम्पत्तिमा धितोको हक परिपक्व भएकोमा त्यस्तो मूल धितोबाट प्राप्त लाभ उपर पनि धितोको हक परिपक्व हुनेछ। तर देहायको अवस्थामा बाहेक धितो दिने व्यक्तिले प्राप्त गरेको लाभ सो लाभ प्राप्त गरेको मितिले एक्काइसौं दिनदेखि सो लाभमा रहेको धितोको हक परिपक्व हुने छैनः- (क) दर्ता गरिएको सूचनाले सुरुको धितोको सम्पत्ति समेटेमा र त्यस्तो सुरुको धितोको सम्पत्तिबाट प्राप्त	मूल धितोको व्यवस्थासँग सम्बन्धी अन्य दफाहरुसँग समन्जस्यता कायम गर्न आवश्यक भएकोले।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
		अगावै त्यस्तो लाभ उपर धितोको हक परिपक्व गराईएको भएमा।	भएको लाभ नगद लाभ भएमा वा सुरुको सूचनामा जुन प्रकृतिको लाभ उल्लेख गरिएको थियो सोही प्रकृतिको लाभ प्राप्त भएमा, वा (ख) बीस दिनको समयावधि समाप्त हुनुअगावै जुनसुकै तरिकाले त्यस्तो लाभ उपर धितोको हक परिपक्व गराइएको भएमा।"	
५९.	दफा ३५ को खण्ड (ख) मा संशोधन	(ख) खरिद मूल्य सम्बन्धी धितोको हक लिने व्यक्तिले सूचना दर्ता गराउनुभन्दा अगावै विवादयुक्त धितोको हक लिने व्यक्तिले सोही मौज्दातको मालसामान वा घरपालुवा पशुपंक्षीलाई समेट्ने गरी पहिले नै सूचना दर्ता गराई सकेको रहेछ भने खरिद मूल्य सम्बन्धी धितोको हक लिने	ख) खरिद मूल्य सम्बन्धी धितोको हक लिने व्यक्तिले सूचना दर्ता गराउनुभन्दा अगावै विवादयुक्त धितोको हक लिने व्यक्तिले सोही मौज्दातको मालसामान वा घरपालुवा पशुपंक्षीलाई समेट्ने गरी सूचना दर्ता गराएको रहेछ भने धितोको	खरिद मूल्यसम्बन्धी धितोको हक भएका (PMSI holder) हरुले आफ्नो सूचना दर्ता गर्नुभन्दा अघि नभई धितो दिने व्यक्तिले कब्जामा लिनु अघि खरिद मूल्यसम्बन्धी धितोको हक नभएका (Non-PMSI) साहूहरुलाई

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
		व्यक्तिले विवादयुक्त धितोको हक लिने व्यक्तिलाई लिखितरुपमा जानकारी दिएको र सो जानकारीमा मौज्दातमा रहेका मालसामान वा घरपालुवा पशुपंक्षीको विवरण दिई त्यस्तो जानकारी दिने व्यक्तिको धितो दिने व्यक्तिका मौज्दातमा रहेका मालसामान वा घरपालुवा पशुपंक्षी उपर खरिद मूल्य सम्बन्धी धितोको हक रहेको वा निजले त्यस्तो हक प्राप्त गर्ने अपेक्षा गरेको कुरासमेत खुलाएको भएमा।	हक दिने व्यक्तिले कब्जा गर्नुअगावै खरिद मूल्य सम्बन्धी धितोको हक लिने व्यक्तिले विवादयुक्त धितोको हक लिने व्यक्तिलाई लिखित रुपमा जानकारी दिएको भएमा र सो जानकारीमा मौज्दातमा रहेका मालसामान वा घरपालुवा पशुपंक्षीको विवरण दिई धितो दिने व्यक्तिका मौज्दातमा रहेका मालसामान वा घरपालुवा पशुपंक्षी उपर त्यस्तो जानकारी दिने व्यक्तिको खरिद मूल्य सम्बन्धी धितोको हक रहेको वा निजले त्यस्तो हक प्राप्त गर्ने अपेक्षा गरेको कुरा समेत खुलाएको भएमा।"	सूचना दिनुपर्ने कुरालाई स्पष्ट पार्न आवश्यक भएकोले।
६०.	दफा ३७ को उपदफा (६) र (७) मा संशोधन	(६) यस ऐन बमोजिम दर्ता गराउनु पर्ने लियन होल्डरको हकको सूचना दर्ता गराउनु अगावै सूचना दर्ता गरिएमा जडित सामानमाथिको परिपक्व धितोको हकले लियन होल्डरको हक उपर	"(६) यस ऐन बमोजिम दर्ता गराउनु पर्ने लियनको सम्बन्धमा सूचना दर्ता गराउनुअगावै जडित सामानमा रहेको धितोको हक परिपक्व गराउन सूचना	लियन हेल्डरको सट्टामा लियन शब्दको प्रयोग भएको कारण यहाँ सोहि विषयमा प्रयोग भएको व्यवस्थालाई अझै स्पष्ट बुझ्न सहजता प्रदान गर्न

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
		प्राथमिकता पाउनेछ। (७) कुनै मालसामान जडित सामान हुनुअगावै धितो दिने व्यक्तिले दिएको धितोको हक खरिद मूल्य सम्बन्धी धितोको हक भएमा र त्यस्ता मालसामान जडित सामान हुनभन्दा अगावै वा जडित समान भईसकेको मितिले **पाँच दिनभित्र** सूचना दर्ता गरिएमा जडित सामानमा रहेको परिपक्व धितोको हकले अचल सम्पत्तिको स्वामीको, लियनहोल्डरको वा बन्धकी लिखतमा जुनसुकै व्यवस्था गरिएको भए तापनि बन्धकी लिने व्यक्तिको हक उपर प्राथमिकता पाउनेछ।	दर्ता गरिएमा जडित सामान माथिको परिपक्व धितोको हकले लियन उपर प्राथमिकता पाउनेछ।" (७) कुनै मालसामान जडित सामान हुनुअगावै धितो दिने व्यक्तिले दिएको धितोको हक खरिद मूल्य सम्बन्धी धितोको हक भएमा र त्यस्ता मालसामान जडित सामान हुनभन्दा अगावै वा जडित समान भईसकेको मितिले **पाँच दिनभित्र धितोको हक परिपक्व गराउन** सूचना दर्ता गरिएमा जडित सामानमा रहेको परिपक्व धितोको हकले अचल सम्पत्तिको स्वामीको, लियनहोल्डरको वा बन्धकी लिखतमा जुनसुकै व्यवस्था गरिएको भए तापनि बन्धकी लिने व्यक्तिको हक उपर प्राथमिकता पाउनेछ।	आवश्यक भएकोले। कस्तो सूचना दर्ता गर्नुपर्ने विषयमा थप स्पष्टता तथा सहजता प्रदान गर्न आवश्यक भएकोले।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
६१.	दफा ३८ मा संशोधन	३८. **<u>बाली:</u>** धितो दिने व्यक्तिको कब्जामा रहेको अचलसम्पत्ति वा त्यस्तो अचल सम्पत्ति उपर रहेको निजको हकलाई प्रचलित कानून बमोजिम दर्ता गरी राखेको अवस्थामा त्यस्तो अचल सम्पत्तिमा हुर्की रहेको बाली उपरको परिपक्व धितोको हकले त्यस्तो स्वामी वा बन्धकी लिने व्यक्तिको विवादयुक्त हकउपर प्राथमिकता पाउनेछ।	"३८. **<u>कृषि उत्पादन:</u>** धितो दिने व्यक्तिको कब्जामा रहेको अचल सम्पत्ति वा त्यस्तो अचल सम्पत्ति उपर रहेको निजको हकलाई प्रचलित कानून बमोजिम दर्ता गरी राखेको अवस्थामा त्यस्तो अचल सम्पत्तिको हिस्साको रुपमा रहेको कृषि उत्पादन उपरको परिपक्व धितोको हकले त्यस्तो सम्पत्तिको धनी वा बन्धकी लिने व्यक्तिको विवादयुक्त हक उपर प्राथमिकता पाउनेछ।"	सबै कृषि उत्पादनमा लागु हुने व्यवस्था गर्दा जग्गाको हकभन्दा कुनै पनि कृषि उत्पादन उपरको धितोको हकले प्राथमिकता पाउने भएकोले।
६२.	दफा ३९ को उपदफा (३) मा संशोधन	(३) **सुरक्षित** दायित्व परिपालना नभएमा सम्मिलित मालसामान उपरको धितोको हकले समग्र मालसामानमा हक रहेका प्रत्येक व्यक्तिका दाबीहरु उपर प्राथमिकता पाउने भएमा धितो लिने व्यक्तिले अन्य मालसामानबाट त्यस्ता सम्मिलित मालसामान हटाउन सक्नेछ।	(३) दायित्व परिपालना नभएमा सम्मिलित मालसामान उपरको धितोको हकले समग्र मालसामानमा हक रहेका प्रत्येक व्यक्तिका दाबीहरु उपर प्राथमिकता पाउने भएमा धितो लिने व्यक्तिले अन्य मालसामानबाट त्यस्ता सम्मिलित मालसामान हटाउन	"दायित्व परिपालना नभएको अवस्था" भन्ने शब्द परिभाषा खण्डमा परिभाषित गरिएकोले।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
			सक्नेछ।	
६३.	दफा ४० को उपदफा (४) मा संशोधन	(४) धितोको सम्पत्ति मिश्रित सामान हुनुभन्दा अगावै सो धितोको सम्पत्तिमा रहेको धितोको हक परिपक्व भएको भए उत्पादन वा समूहसँग आबद्ध रहेको धितोको हक सूचना दर्ता नगरेमा पनि परिपक्व हुन सक्नेछ । उत्पादन वा सोको समूह उपरको धितोको हकको प्राथमिकता मिश्रित भएको धितोको सम्पत्तिउपर रहेको धितोको हक परिपक्व भएको समयदेखि गणना गरिनेछ।	"(४) धितोको सम्पत्ति मिश्रित सामान हुनुभन्दा अगावै दर्ताबाट सो धितोको सम्पत्तिमा रहेको धितोको हक परिपक्व भएको भए उत्पादन वा समूहसँग आबद्ध रहेको धितोको हकमा मिश्रित सामान उल्लेख भएको वा नभएको भए तापनि सूचना दर्ता निरन्तर परिपक्व हुनेछ। उत्पादन वा सोको समूह उपरको धितोको हकको प्राथमिकता मिश्रित भएको धितोको सम्पत्ति उपर रहेको धितोको हकको प्राथमिकताको समयदेखि गणना गरिनेछ।"	दर्ताबाट हुने परिपक्कताका सम्बन्धमा हाल कायम रहेको प्रावधानले स्पष्ट व्यवस्था नगरेका कारण सो विषयमा स्पष्टता प्रदान गर्न आवश्यक भएकोले।
६४.	दफा ४२ को उपदफा (१) मा संशोधन	(१) कुनै व्यक्तिले बहीखाता, सुरक्षित बिक्री करार, अधिकारपत्र तथा अन्य अमूर्त सम्पत्तिमा रहेको आफ्नो केही वा सबै अधिकार हस्तान्तरण गर्न	"(१) कुनै व्यक्तिले बहीखातामा रहेको आफ्नो केही वा सबै अधिकार हस्तान्तरण गर्न सक्नेछ।"	बहीखाताको हस्तान्तरणमा मात्र लागु हुने प्रचलित अभ्यास भएकोले सोही अनुरुप यी प्रावधानहरु सिमित रुपमा

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
		सक्नेछ। हस्तान्तरण गर्दा सुरक्षित बिक्री करार, लिखत तथा अन्य अमूर्त सम्पत्तिमा रहेको अधिकार हस्तान्तरण हुन सक्नेछ।		लागू गर्न उपयुक्त हुने भएकोले।
६५.	दफा ४२ को उपदफा (३) पछि उपदफा (३क) र (३ख) थपिएको	नभएको।	"(३क) बहीखाता हस्तान्तरण गरी दिने व्यक्तिको अधिकार कुनै पनि प्रकारले सीमित गर्ने गरी दायित्व बहन गर्ने व्यक्ति वा अन्य कुनै व्यक्तिसँग भएको सम्झौतामा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो बहीखाता हस्तान्तरण प्रभावकारी हुनेछ। (३ख) बहीखाता हस्तान्तरण गरी दिने व्यक्तिले गरेको सम्झौताको उल्लङ्घनका सम्बन्धमा हस्तान्तरण गरी दिने वा लिने व्यक्ति अन्य कुनै व्यक्तिप्रति उत्तरदायी हुने छैन र हस्तान्तरण सम्झौताको अर्को पक्षले सम्झौताको उल्लङ्घन गरेको आधारमा मात्र बहीखाता वा बहीखाता	बहीखाता सम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्न आवश्यक भएकोले।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
			हस्तान्तरणको सम्झौताबाट सिर्जित दायित्वबाट उन्मुक्ति पाउने छैन।"	
६६.	दफा ४२ पछि दफा ४२क. थप गरिएको	नभएको	"४२क. **बहीखाता सङ्कलन गर्न सक्ने:** बहीखाताको पूर्ण हस्तान्तरण अन्तर्गत हस्तान्तरण गरी लिने व्यक्तिले हस्तान्तरण वा सङ्कलनको अधिकार प्रयोग गर्ने सम्बन्धमा यस ऐनमा गरिएको व्यवस्थाको अधीनमा रही निजले भुक्तानी बाँकी भएपछि जुनसुकै समयमा अदालती कारबाही बिना नै सिधै सो बहीखाता सङ्कलन गर्ने कारबाही चलाउन सक्नेछ।"	बहीखाता सङ्कलन गर्ने सम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्न आवश्यक भएकोले।
६७.	दफा ४४ मा संशोधन	४४. **भावी पेश्की:** परिपक्व धितोको हकले धितो लिने व्यक्तिले भविष्यमा दिनु पर्ने ऋण दायित्व सुरक्षित गर्ने भएमा धितो लिने व्यक्तिले **लियनहोल्डरको हकको सम्बन्धमा** वास्तविकरुपमा थाहा पाएपछि वा **लियनहोल्डरको हक सम्बन्धी**	४४. **भावी पेश्की:** परिपक्व धितोको हकले धितो लिने व्यक्तिले भविष्यमा दिनु पर्ने ऋण दायित्व सुरक्षित गर्ने भएमा धितो लिने व्यक्तिले **लियनको सम्बन्धमा** वास्तविकरुपमा	लियन होल्डरको हक मात्रको अतिरिक्त लियनको परिधिलाई फराकिलो बनाउन र दफा २ मा गरिएको लियनको संशोधित परिभाषासँग मिलान गर्न आवश्यक

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
		सूचना दर्ता कार्यालयमा दर्ता गरेको मितिले एक्काइस दिन पछिको अवधिमध्ये जुन अघिल्लो हुन्छ त्यसपछि दिइने पेश्कीको हदसम्म लियनहोल्डरको अधिकारले धितोको हकउपर प्राथमिकता पाउनेछ।	थाहा पाएपछि वा **लियनको सूचना दर्ता अभिलेखमा** दर्ता गरेको मितिले एक्काइस दिन पछिको अवधिमध्ये जुन अघिल्लो हुन्छ त्यसपछि दिइने पेश्कीको हदसम्म लियनहोल्डरको अधिकारले धितोको हकउपर प्राथमिकता पाउनेछ।	भएकोले।
६८.	दफा ४५ पछि दफा ४५क. थप	नभएको	"४५क. **सूचनामा प्राथमिक अधिकार:** धितोमा अधिकार प्रयोग गर्नुअघि धितो लिने व्यक्तिले सो धितोमा प्राथमिक अधिकार रहेको अन्य धितो लिने व्यक्तिलाई सूचना दिनु पर्नेछ। पहिलो प्राथमिकतामा रहेको धितो लिने व्यक्तिले कार्यान्वयन प्रक्रिया सम्पन्न गर्नुअघि जुनसुकै बखत सो कार्यान्वयन प्रक्रियालाई अधिग्रहण गर्न सक्नेछ।"	सूचनाको प्राथमिक अधिकार निर्धारण गर्न आवश्यक भएकोले।
६९.	दफा ४६ को उपदफा (४) मा संशोधन	(४) दायित्व परिपालन नभएको अवस्थामा धितोको सम्पत्ति, बहीखाता वा **अन्य अमूर्त सम्पत्ति** भएमा धितो लिने व्यक्तिले हस्तान्तरण वा सङ्कलनसम्बन्धी	(४) दायित्व परिपालन नभएको अवस्थामा धितोको सम्पत्ति, बहीखाता वा **अन्य भुक्तानीको अधिकार** भएमा धितो	भुक्तानी सम्बन्धी अमूर्त सम्पतिमा प्रष्ट गर्न तथा दफा २ को नयाँ परिभाषालाई प्रतिबिम्बित गर्न

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
		अधिकारको प्रयोग गर्ने सम्बन्धमा यस ऐनमा गरिएका व्यवस्थाको अधीनमा रही न्यायिक कारबाहीबिना सिधै त्यस्ता बहीखाता वा **अन्य मूर्त सम्पत्तिका** सम्बन्धमा आफैले आवश्यक कारबाई चलाउन सक्नेछ।	लिने व्यक्तिले हस्तान्तरण वा सङ्कलनसम्बन्धी अधिकारको प्रयोग गर्ने सम्बन्धमा यस ऐनमा गरिएका व्यवस्थाको अधीनमा रही न्यायिक कारबाहीबिना सिधै त्यस्ता बहीखाता वा **अन्य भुक्तानीको अधिकार** सम्बन्धमा आफैले आवश्यक कारबाई चलाउन सक्नेछ।	आवश्यक भएकोले।
७०.	दफा ४७ को उपदफा (४) झिकिएको	(४) धितो लिने व्यक्तिले अदालती कारबाही अवलम्बन नगरी यस दफा अन्तर्गतको काम कारबाही गर्न सक्नेछ।	झिकिएको।	यस उपदफामा उल्लेखित व्यवस्थालाई दफा ४८ ले सम्बोधन गर्ने भएकोले।
७१.	दफा ४८ को उपदफा (१) मा संशोधन तथा उपदफा (२) र (३) झिकिएको।	(१) धितो दिने व्यक्तिले **लिखित रुपमा स्वीकृति दिएको अवस्थामा दायित्वको परिपालन नभएको अवस्थामा पनि** कानूनी कारबाही बिना नै धितो लिने व्यक्तिले धितोको सम्पत्ति आफ्नो कब्जा वा नियन्त्रणमा लिन सक्नेछ। (२) धितो लिने व्यक्तिले दायित्वको परिपालन नगरेमा अदालतको आदेशबाट धितोको सम्पत्ति	(१) धितो दिने व्यक्तिले **दायित्वको परिपालन नगरेको अवस्थामा** पनि कानूनी कारबाही बिना नै धितो लिने व्यक्तिले धितोको सम्पत्ति आफ्नो कब्जा वा नियन्त्रणमा लिन सक्नेछ ।	दायित्व परिपालना नभएको अवस्थामा परिपालना नगर्ने व्यक्ति संग स्वीकृति लिन जादा निजले स्वीकृति दिने अवस्था व्यावहारिक नभएकोले। अदालतको कारबाही बिना नै काम

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
		आफ्नो कब्जा वा नियन्त्रणमा लिन सक्नेछ । अदालतले त्यसरी आदेश दिंदा त्यस्तो विवाद धितोको सम्पत्ति समेट्ने धितो सम्बन्धी सम्झौता तथा दायित्वको परिपालन नभएको कुनै एउटा विषयसँग सम्बन्धित भएको कुरालाई हेरी त्यस्तो आदेश दिनु पर्नेछ। (३) अदालतले यस दफा बमोजिम धितो दिने व्यक्तिबाट धितोको सम्पत्तिको कब्जा छुटाउन दिएको आदेश उपर धितो दिने व्यक्तिले सर्वोच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।	झिकिएको।	कारबाही गर्न सक्ने व्यवस्था भएकाले हटाईएको।
७२.	दफा ५० को उपदफा (४) र (५) मा संशोधन	(४) धितोको सम्पत्ति छिट्टै सड्ने, गल्ने भई वा सोको मूल्यमा तुरुन्तै गिरावट आउने प्रकृतिको भई सूचना दिन व्यावहारिक नहुने भएकोमा बाहेक धितो लिने व्यक्तिले धितो दिने व्यक्तिलाई धितोको सम्पत्ति सार्वजनिक रुपमा बिक्री गर्ने समय र स्थान वा निजी रुपमा बिक्री वा अन्य कुनै तवरले बेचबिखन गर्ने समयको मुनासिब जानकारी दिनु पर्नेछ।	"(४) धितोको सम्पत्ति छिट्टै सड्ने, गल्ने भई वा सोको मूल्यमा तुरुन्तै गिरावट आउने प्रकृतिको भई सूचना दिन व्यावहारिक नहुने भएकोमा बाहेक धितो लिने व्यक्तिले धितोको सम्पत्ति सार्वजनिक रुपमा बिक्री गर्ने समय र स्थान वा निजी रुपमा बिक्री वा अन्य कुनै तवरले बेचबिखन गर्ने समयको	धितो लिने व्यक्तिले धितोको सम्पत्तिमा अधिनस्थ परिपक्व धितोको हक भएको अन्य कुनै धितो लिने व्यक्तिलाई पनि सूचना दिनुपर्ने हुन्छ । अन्यथा निजहरुले धितोको सम्पत्ति बिक्री हुन लागेको बारे थाहा नपाउने र निजहरुले दफा ५१ अन्तर्गतको दाबीको सूचना दिन नपाउने भएकोले।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
		(५) धितो लिने व्यक्तिले धितोको सम्पत्ति **कुनै सार्वजनिक वा व्यक्तिगत बिक्रीको माध्यमबाट** खरिद गर्न सक्नेछ।	मनासिब जानकारी धितो दिने व्यक्ति वा धितोको सम्पत्तिमा अधिनस्थ परिपक्व धितोको हक भएको अन्य कुनै धितो लिने व्यक्तिलाई दिनु पर्नेछ।" (५) धितो लिने व्यक्तिले धितोको सम्पत्ति **सार्वजनिक रुपमा** खरिद गर्न सक्नेछ।	धितो लिने व्यक्तिले व्यक्तिगत बिक्रीमा धितोको सम्पत्ति नै खरिद गर्न पाउने भएमा उचित मूल्यमा बिक्री नहुने जोखिम रहेकोले यस सम्बन्धी व्यवस्था गरिएको।
७३.	दफा ५१ को उपदफा (३) को खण्ड (क) र (ख) मा संशोधन	(क) धितोको सम्पत्ति बेचबिखन हुँदा सो बेचबिखनमा असल नियतले मूल्य तिरी प्राप्त गर्ने प्राप्तकर्ताले त्यस्तो धितोको सम्पत्तिमा रहेको सबै अधिकार, धितोको हक वा अधीनस्थ धितोको हक वा विशेषाधिकार बिना नै सो धितोको सम्पत्ति प्राप्त गर्ने, र (ख) धितोको सम्पत्तिको स्वामित्वको अभिलेख राख्ने कार्यालयले **मूल्य दिई किन्ने सो सम्पत्तिको प्राप्तकर्तालाई** नयाँ स्वामित्वको प्रमाणपूर्जा प्रदान गर्दा सो कार्यालयले अनुरोध	"(क) धितोको सम्पत्ति बेचबिखन हुँदा सो बेचबिखनमा असल नियतले मूल्य तिरी खरिद गर्ने खरिदकर्ताले प्राथमिकताको माथिल्लो क्रममा रहेको धितोको हकको अधीनमा रही त्यस्तो धितोको सम्पत्ति, धितोको हक, अधीनस्थ धितोको हक वा विशेषाधिकार बिना नै प्राप्त गर्ने, र" (ख) धितोको सम्पत्तिको स्वामित्वको अभिलेख राख्ने कार्यालयले	एक भन्दा बढी धितोको हक भएको अवस्थालाई व्यवस्थित गर्न आवश्यक भएकोले।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
		गरेमा धितो लिने व्यक्तिले कब्जा गर्न पाउने गरी अदालतले दिएको आदेशको ढाँचामा नयाँ स्वामित्वको प्रमाणपूर्जा जारी गर्ने अख्तियारी वा दायित्व पालना नभएमा धितो लिने व्यक्तिलाई कब्जा हस्तान्तरण गर्ने गरी धितो दिने व्यक्तिले गरेको लिखित सम्झौता सो कार्यालय समक्ष पेश गर्ने।	**मूल्य दिई खरिद गर्ने खरिदकर्तालाई** नयाँ स्वामित्वको प्रमाणपूर्जा प्रदान गर्दा सो कार्यालयले अनुरोध गरेमा धितो लिने व्यक्तिले कब्जा गर्न पाउने गरी अदालतले दिएको आदेशको ढाँचामा नयाँ स्वामित्वको प्रमाणपूर्जा जारी गर्ने अख्तियारी वा दायित्व पालना नभएमा धितो लिने व्यक्तिलाई कब्जा हस्तान्तरण गर्ने गरी धितो दिने व्यक्तिले गरेको लिखित सम्झौता सो कार्यालय समक्ष पेश गर्ने।	
७४.	दफा ५२ को उपदफा (२) मा संशोधन	(२) धितो लिने व्यक्तिले धितो दिने व्यक्ति तथा धितोको **सम्पत्तिमा रहेको हकसम्बन्धी लिखित दाबी प्राप्त गरेको** धितो लिने अन्य कुनै व्यक्ति समक्ष उपदफा (१) बमोजिम प्रस्ताव राख्नु पर्नेछ।	(२) धितो लिने व्यक्तिले धितो दिने व्यक्ति तथा धितोको **सम्पत्तिमा अधीनस्थ परिपक्व धितोको हक भएको** धितो लिने अन्य कुनै व्यक्ति समक्ष उपदफा (१) बमोजिम प्रस्ताव राख्नु पर्नेछ।	धितोको सम्पत्तिमा परिपक्व धितोको हक सहित धितो लिने व्यक्तिले अधीनस्थ धितो लिने व्यक्तिसँग सम्बद्ध पक्षलाई व्यवस्थित गर्न आवश्यक भएकोले।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
७५.	दफा ५३ मा संशोधन	"५३. **धितो दिने व्यक्तिको धितोको सम्पत्ति निखन्ने अधिकार:** (१) लिखित रुपमा अन्यथा सहमति भएकोमा बाहेक दायित्वको पालना नभई धितो दिने व्यक्ति वा धितो लिने अन्य कुनै व्यक्तिले धितोको सम्पत्तिबाट सुरक्षित सम्पूर्ण दायित्वहरु पूरा गर्दा धितो लिने व्यक्तिले भुक्तानी गरेको मनासिब कानून व्यवसायी शुल्क र कानूनी कारबाही गर्दा लागेको अन्य खर्च लगायत त्यस्तो धितोको सम्पत्ति पुनः प्राप्त गर्दा, ग्रहण गर्दा, बेचबिखनको तयारी गर्दा वा बेचबिखन गर्दा धितो लिने व्यक्तिले गरेको अन्य मनासिब खर्चहरु बुझाई धितोको सम्पत्ति निखन्न सक्नेछ। (२) धितो लिने व्यक्तिले धितोको सम्पत्ति बेचबिखन गर्नुभन्दा अघि वा बेचबिखनको लागि करार गर्नुभन्दा अघि वा दायित्व पूरा हुनुभन्दा अघि धितोको सम्पत्ति निखन्न सक्नेछ।"	"५३. **धितोको सम्पत्ति निखन्ने वा सकार्ने अधिकार:** (१) लिखित रुपमा अन्यथा सहमति भएकोमा बाहेक दायित्वको पालना नभएको अवस्थामा धितोको सम्पत्तिबाट सुरक्षित सम्पूर्ण दायित्वहरु पूरा गरी र धितो लिने व्यक्तिले भुक्तानी गरेको कानून व्यवसायीको मनासिब शुल्क र कानूनी कारबाही गर्दा लागेको अन्य खर्च लगायत त्यस्तो धितोको सम्पत्ति पुनः प्राप्त गर्दा, ग्रहण गर्दा, बेचबिखनको तयारी गर्दा वा बेचबिखन गर्दा धितो लिने व्यक्तिले गरेको अन्य मनासिब खर्च बुझाई धितो दिने व्यक्ति वा धितो लिने अन्य कुनै व्यक्तिले धितोको सम्पत्ति निखन्न वा सकार्न सक्नेछ। (२) धितो लिने व्यक्तिले धितोको सम्पत्ति बेचबिखन गर्नुभन्दा अघि वा	हालको व्यवस्थालाई थप प्रष्ट र सरल बनाउन तथा दफा २ मा गरेको "दायित्व परिपालना नभएको अवस्था " को नयाँ परिभाषालाई प्रतिबिम्बित गर्न आवश्यक भएकोले।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
			बेचबिखनको लागि करार गर्नुभन्दा अघि वा दायित्व पूरा हुनुभन्दा अघि धितोको सम्पत्ति सकार्न सक्नेछ।"	
७६.	दफा ५५ को उपदफा (१) र (२) मा संशोधन	(१) कसैले देहायका कुनै काम गरे गराएमा यस ऐन बमोजिम कसूर भए गरेको मानिनेछः- (क) **दर्ता कार्यालयमा दाखिला गरिएको** सूचनामा जानी-जानी झुट्टा विवरण उल्लेख गरेमा, (२) रजिष्ट्रार वा निजको प्रतिनिधिले झुट्टा प्रमाणपत्र जारी गरेमा वा **दर्ता कार्यालयमा** रहेको कुनै पनि अभिलेखलाई नष्ट गरेमा वा गलत बनाएमा निजले यस ऐन बमोजिम कसूर गरेको मानिनेछ।	(१) कसैले देहायका कुनै काम गरे गराएमा यस ऐन बमोजिम कसूर भए गरेको मानिनेछः- (क) **दर्ता अभिलेखमा भरिएको** सूचनामा जानी-जानी झुट्टा विवरण उल्लेख गरेमा, (२) रजिष्ट्रार वा निजको प्रतिनिधिले झुट्टा प्रमाणपत्र जारी गरेमा वा **दर्ता अभिलेखमा** रहेको कुनै पनि अभिलेखलाई नष्ट गरेमा वा गलत बनाएमा निजले यस ऐन बमोजिम कसूर गरेको मानिनेछ।	कागजमा आधारित अभिलेखबाट विद्युतीय अभिलेखमा प्रवेश गर्न र एकरुपता कायम गर्न "दर्ता कार्यालयमा दाखिला गरिएको" भन्ने शब्दहरुको सट्टा "दर्ता अभिलेखमा भरिएको" भन्ने शब्दहरु राखिएकाले सो सम्बन्धी व्यवस्थालाई स्पष्ट गर्न आवश्यक भएकोले। अन्य दफाहरुसँग समन्वय गर्न आवश्यक भएकोले।
७७.	दफा ५७ मा	५७. <u>यस ऐन प्रारम्भ हुनुभन्दा अगावै भए गरेका</u>	५७. <u>यस ऐन प्रारम्भ हुनुभन्दा अगावै</u>	कागजमा आधारित अभिलेखबाट

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
	संशोधन	**कारोबारः** (१) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै सम्पन्न गरिएको धितो बन्धकी सम्झौता (हाइपोथिकेसन), प्लेज सम्झौता, हायर पर्चेज सम्झौता वा यस ऐनमा परिभाषित गरिएको मालसामानको पट्टाको सम्झौताका सम्बन्धमा देहाय बमोजिम हुनेछ। यस दफाको प्रयोजनको लागि त्यस्ता कारोबारहरुलाई यो ऐन लागू हुनुभन्दा अघि भएका पूर्व कारोबारको रुपमा लिइनेछः- (क) खण्ड (ख) र (ग) मा अन्यथा व्यवस्था भएकोमा बाहेक त्यस्ता पूर्व कारोबारको वैधता, प्रभाव र कार्यान्वयनको निर्धारण सम्झौता गर्दाका बखत लागू रहेको प्रचलित कानून बमोजिम गरिनेछ, (ख) यो ऐन प्रारम्भ हुनुभन्दा अघि सम्पन्न भएका कारोबारद्वारा सिर्जित धितोको हक यो ऐन प्रारम्भ भएपछि सिर्जित धितोको हकसँग बाझिएको हदसम्म यस ऐन बमोजिम सिजित धितोको हक	**भए गरेका कारोबारः** (१) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै सम्पन्न गरिएको धितो बन्धकी सम्झौता (हाइपोथिकेसन), प्लेज सम्झौता, हायर पर्चेज सम्झौता वा यस ऐनमा परिभाषित गरिएको मालसामानको पट्टाको सम्झौताका सम्बन्धमा देहाय बमोजिम हुनेछ। यस दफाको प्रयोजनको लागि त्यस्ता कारोबारहरुलाई यो ऐन लागू हुनुभन्दा अघि भएका पूर्व कारोबारको रुपमा लिइनेछः- (क) खण्ड (ख) र (ग) मा अन्यथा व्यवस्था भएकोमा बाहेक त्यस्ता पूर्व कारोबारको वैधता, प्रभाव र कार्यान्वयनको निर्धारण सम्झौता गर्दाका बखत लागू	विद्युतीय अभिलेखमा प्रवेश गर्न र एकरुपता कायम गर्न "दर्ता कार्यालय" भन्ने शब्दहरुको सट्टा" दर्ता अभिलेख" शब्दको प्रयोग गरिएको।

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
		मान्य हुनेछ, र (ग) पूर्व कारोबार अन्तर्गत धितो लिने व्यक्तिले धितोको हकको सूचनाका सम्बन्धमा अपनाउने परिच्छेद-२ बमोजिमको तरिका अनुसार नै **दर्ता कार्यालयले** काम प्रारम्भ गरेको मितिले एक वर्षभित्र कारोबारको सूचना दर्ता गराउन सक्नेछ। यस ऐन अन्तर्गत सूचना दर्ता गरी स्थापित परिपक्वताको प्राथमिकता **दर्ता कार्यालय** स्थापित भएको मितिदेखि गणना गरिनेछ । (२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको अधिकार क्षेत्रभित्र पर्ने कुनै कारोबार यो ऐन प्रारम्भ भएको मिति र **दर्ता कार्यालय** स्थापना भई सञ्चालन भएको समयको बीचमा सम्पन्न भएको रहेछ भने त्यस्तो कारोबार उपदफा (१) बमोजिमका अधीनमा रही भएको मानिनेछ।	रहेको प्रचलित कानून बमोजिम गरिनेछ, (ख) यो ऐन प्रारम्भ हुनुभन्दा अघि सम्पन्न भएका कारोबारद्वारा सिर्जित धितोको हक यो ऐन प्रारम्भ भएपछि सिर्जित धितोको हकसँग बाझिएको हदसम्म यस ऐन बमोजिम सिजित धितोको हक मान्य हुनेछ, र (ग) पूर्व कारोबार अन्तर्गत धितो लिने व्यक्तिले धितोको हकको सूचनाका सम्बन्धमा अपनाउने परिच्छेद-२ बमोजिमको तरिका अनुसार नै **दर्ता अभिलेखले** काम प्रारम्भ गरेको मितिले एक वर्षभित्र कारोबारको सूचना	

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
			दर्ता गराउन सक्नेछ। यस ऐन अन्तर्गत सूचना दर्ता गरी स्थापित परिपक्वताको प्राथमिकता **दर्ता अभिलेख** स्थापित भएको मितिदेखि गणना गरिनेछ। (२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको अधिकार क्षेत्रभित्र पर्ने कुनै कारोबार यो ऐन प्रारम्भ भएको मिति र **दर्ता अभिलेख** स्थापना भई सञ्चालन भएको समयको बीचमा सम्पन्न भएको रहेछ भने त्यस्तो कारोबार उपदफा (१) बमोजिमका अधीनमा रही भएको मानिनेछ।	
७८.	दफा ५८क. थप	नभएको।	"५८क. धितोको हक कायम रहनेः धितो दिने व्यक्तिको सम्बन्धमा प्रचलित कानून बमोजिम दामासाहीको प्रक्रिया	दामासाही प्रक्रिया शुरु हुदाका बखत धितोको हक कायम सम्बन्धी व्यवस्थालाई सुनिष्चितता प्रदान गर्न

क्र.सं.	दफा/उपदफा	साविकको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नु पर्नाको कारण
			सुरु हुँदाका बखत परिपक्व भइसकेको कुनै धितोको हक यथावत कायम रहनेछ।"	आवश्यक भएकोले।